# मधेसी विद्रोह : नैराश्यको राजनीति

**भास्कर गौतम**

२०६३ माघको मधेस विद्रोहपछि नेपालको सामाजिक सम्बन्धमा धेरथोर परिवर्तन आएको छ। यो परिवर्तनले आम मधेसीहरूको दैनिक जीवनयापनमा ठूलो फेरबदल ल्याएको छैन। तर माघसँगै तीव्र बन्दै गएको हिंसात्मक गतिविधि, आपराधिक क्रियाकलाप र सबै पक्षको अदूरदर्शी राजनीतिले उनीहरूलाई थप निराश र आन्दोलितसमेत बनाएको छ। यद्यपि निकट भविष्यमा धेरैथरी परिवर्तन हुने स-साना सङ्केतहरू देखिन्छन्; केही मनोवैज्ञानिक/भावनात्मक लक्षण अनि केही प्रतीकात्मक राजनीतिक धर्साहरू। तथापि माघे विद्रोहलाई चौतर्फी हिसाबले केलाउने प्रयास नगण्य मात्र भएका छन् (हेर्नोस् यसै पुस्तकमा थप अध्ययन सामग्री)। मूलतः संविधानसभाको निर्वाचन हुने/नहुने राजनीतिक अन्योल एवं नेपाल कम्युनिस्ट पार्टी (माओवादी) समाहित शान्ति प्रक्रिया राष्ट्रको सबैभन्दा प्रमुख सवाल भएकोले पनि माघे विद्रोहका विभिन्न पक्षहरू त्यो गहिराइमा

---

यो लेखमा अभिव्यक्त धेरै विचारहरू २०६३ माघदेखि २०६४ मङ्सिरबीच मधेसमा विभिन्न चरणमा त्यहाँका राजनीतिकर्मी, मधेसी अभियान्त, पत्रकार एवं सर्वसाधारणसँग गरेको औपचारिक/अनौपचारिक कुराकानीमा आधारित छ। उहाँहरूको विचार साथै प्रत्यक्ष/परोक्ष सहयोग यो लेखको लागि उपयोगी रह्यो। प्रारम्भिक मस्यौदामा सेरा तामाङ र शेखर पराजुलीबाट प्राप्त सुझावले यो लेखलाई परिमार्जन गर्न धेरै सघायो। साथै चिरन मानन्धर, तीर्थ विष्ट र शरद घिमिरेबाट प्राप्त सहयोग उल्लेख्य रह्यो। उहाँहरू सबैप्रति कृतज्ञ छु।

बहसको विषय बन्न सकेनन् जुन तहमा आवश्यक थियो । पत्रपत्रिकामा मधेसका सवालहरू प्रायश: राजनीतिक माग/नाराको वरिपरि; हत्याहिंसा, अपहरण, चन्दा आतङ्कमा केन्द्रित भए । 'विखण्डन', 'साम्प्रदायिक तनाव' को चिन्ताले भरिएको पाइए । यस पुस्तकले योभन्दा फराकिलो दायरामा र सूक्ष्म हिसाबले माघे विद्रोहलाई केलाउने सानो प्रयास गरेको छ ।

२०६३ चैत्रमा मार्टिन चौतारीको छलफल शृङ्खलामा एक मधेसी अभियन्ताले भने, "माघे विद्रोहको कारण विभिन्न कार्यक्रमहरूमा हाम्रो पनि खोजी हुन थालेको छ । पहिला जस्तो कसैले नपुज्ने स्थिति छैन, आजकाल हाम्रो पनि भाउ बढेको छ ।" समाजमा मधेसीहरूको चहलपहल एवं मिडियामा यो विषयको मात्रालाई हेर्दा त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन गरिरहेका मधेसी अभियन्ताको यो भनाइ सही लाग्न सक्छ । "आजकल मधेसीलाई कुनै कार्यक्रममा छुटाइन्न" भन्ने मधेसी; "आजकल मेरो खोजी धेरै हुन्छ" भन्ने मधेसी पत्रकारको सङ्ख्या पनि बढेको छ । बाध्यात्मक परिस्थितिको कारण वा सहजै रूपमा समाजमा मधेसीको संलग्नता बढेको अनुभूति काठमाडौं वा काठमाडौंबाहिरको सानो वृत्तमा गर्न गाह्रो छैन । तर सिरहा/सप्तरीका सामान्य दलित महिला/पुरुषहरूको साझा स्वीकारोक्ति भने बेग्लै छ । उनीहरू भन्छन्, "मधेस आन्दोलनले अन्य आन्दोलनमा जस्तै हामीलाई केही दिएन । जे दियो तिनै उच्च मधेसीहरूलाई दियो । हामी त जस्ताको त्यस्तै रह्यौं - गाँस, बास, कपासको ठेगान नभएका ।"[१] सिरहा/सप्तरीका गरीब मधेसीहरू आफू भोका र पीडित; असुरक्षित र तिरस्कृत नै रहिरहेको भाव मधेसका अन्य जिल्लाहरूमा पनि अनुभूत गर्न सकिन्छ । त्यसैले सामाजिक-आर्थिक अधिकारको लागि भविष्यमा सङ्घर्षहरू हुने भेउ पाउन गाह्रो छैन ।[२] यी सम्भावनाहरूलाई माघे विद्रोहले सामान्य मधेसीहरूमाझ झन् प्रबल बनाएको छ । मोरङदेखि पर्सासम्मका जिल्लाहरूमा ठेला/रिक्सा चलाउने गरीब-गुरुवादेखि उच्च घरानाका धेरै त्यस्ता मधेसी छन् जो माघे विद्रोहपछि मधेसी भएकोमा गर्व गर्छन् । उनीहरूको आत्मविश्वास अकासिएको छ भने मधेसी हकअधिकारको लागि थप आन्दोलन गर्ने साहस र उर्जामा वृद्धि भएको छ । अर्थात् नेपाली समाजमा मधेसी पहिचान सहजै स्थापित हुने आधारहरूको जग माघे विद्रोहले बसाएको छ । त्यसैले राज्यमा हिस्सेदारी पाउने आशाले उच्च मधेसीहरूलाई हौस्याएको छ, अनि आन्दोलन गर्न सकिने आत्मविश्वास दिएको

---

१ मङ्सिर २०६४ मा सप्तरी/सिरहाका दलित गाउँहरुमा गरिएको कुराकानीमा आधारित ।

२ यस्तै विश्वास राख्ने अध्ययनको लागि Hatlabbek (2007) र विचारको लागि ढकाल (२०६४) हेर्नोस् ।

छ गरीब मधेसीहरूलाई । यसैलाई माघे विद्रोहको सबैभन्दा प्रमुख उपलब्धि मान्ने मधेसीहरू प्रशस्तै पाइन्छन् । यस पुस्तकमा समावेश लेखहरूको आधारमा पनि भन्न सकिन्छ– यी उपलब्धिहरूलाई नै मधेसीहरूले सशक्त मानेका छन् । यस अलावा सङ्घीय शासनको पक्षमा देशलाई डोऱ्याउने राजनीतिक विद्रोहको रूपमा माघे विद्रोहलाई ग्रहण गरिएको छ ।

मधेसीहरूमा व्याप्त यस्ता मिश्रित अनुभूतिबाट अनुमान गर्न सकिन्छ माघे विद्रोहका असर/प्रभावहरू बहुआयामिक छन् । मधेसीहरूको आत्मविश्वास दृढ हुनुका बाबजुद सामाजिक-राजनीतिक वृत्तमा माघे विद्रोहबाट प्रत्यक्ष फाइदा पाएका मधेसीहरू सीमित छन् भने दूरदराजमा यो विद्रोहले केही तात्विक असर नगरेको अनुभव गर्ने मधेसीहरू धेरै छन् । त्यसैले माघे विद्रोहले नेपालको इतिहासमा पहिलो पल्ट मधेसी समाजको सामाजिक सम्बन्धमा व्यापक परिवर्तन ल्याउने धेरै आधारहरू खडा गरेको छ । यस पुस्तकमा स्थानीय तहमा वा राष्ट्रिय स्तरमा सामाजिक-राजनीतिक सम्बन्धमा फेरबदल ल्याउन सक्ने माघे विद्रोह कसरी भयो भनेर चित्रण गर्ने प्रयास भएको छ । मधेस द्वन्द्वले माघे विद्रोहपछि विभिन्न उतार चढाव तय गरेको भए पनि २०६३ पुस-माघले मधेसीको सवाललाई नयाँ सांस्कृतिक-राजनीतिक मान्यता प्रदान गऱ्यो । तथापि पुस-माघको समयावधिमा र त्यसपछिको एक वर्ष मधेसीहरूका चासो र चिन्ता अप्रत्यासित आक्रोशका लप्काहरूमा परिणत भएकोले यसले बहुआयामिक परिणाम निम्त्याउँदै गयो ।

माघे विद्रोहले निम्त्याउने विविध आयाम पूर्व नै पूर्वी र मध्य तराईमा फैलिएको असन्तोषबाट प्रारम्भमै अत्तालिएर मधेसीहरूको सङ्घर्षलाई सशङ्कित रूपमा हेर्ने, यसमा साम्प्रदायिकता विथोलिने खतरा देख्ने, 'दरबारिया-दक्षिणपन्थीको' अमूर्त भूत देख्ने, साथै नेपालको सार्वभौमिकतामा भारतीय खतरा देख्ने आदि पक्षमै काठमाडौँको राजनीतिक/सामाजिक शक्तिहरू केन्द्रित भए । यस पुस्तकमा समावेश अधिकांश लेखहरूबाट पनि प्रस्ट हुन्छ २०६२/०६३ को बृहत् जनआन्दोलनले राज्य व्यवस्थामा निम्त्याउँदै गरेको परिवर्तनदेखि हतास भएका दरबारिया-दक्षिणपन्थी समूहहरूले मधेसको द्वन्द्वलाई आफ्नो हितमा उपयोग गर्न भरपूर कसरत नगरेका होइनन् । तर नेकपा (माओवादी) ले दरबारिया-दक्षिणपन्थी समूहले नै मधेसीहरूको सङ्घर्षलाई डोऱ्याउन खोजेको हो भनेर लगाएको आरोप गलत थियो । पुस ११-१२ गते नेपालगञ्जमा भएको दङ्गा र माघे विद्रोहको २१ दिनको अवधिलाई मात्र अध्ययनको दायरा बनाइएको यस पुस्तकबाट बुझ्न सकिन्छ– सङ्घर्षमाथिको आशङ्का र मधेसी विरुद्धका आरोपमा केन्द्रित त्यस्ता

अभिव्यक्तिले मधेसीहरूको अपमान गऱ्यो । ती प्रत्युत्पादक भएकोले नै आन्दोलन विद्रोहमा परिणत भयो र कतिपय ठाउँमा यसले हिंसात्मक रूप लियो । राजनीतिक दलहरूमा हाबी छोटो राजनीतिक स्वार्थ एवं आपसी द्वेषको अलावा तत्कालीन समयमा मधेसी सवाललाई बुझ्ने सन्दर्भमा देखिएको कमीले पनि काठमाडौँका वर्चश्ववादीहरू मधेसीहरूप्रति आक्रामक थिए । त्यसैले माघे विद्रोहप्रति उनीहरूको दृष्टि नकारात्मक रह्यो । मधेसीहरूको अस्तित्वलाई नै नकारेको नेपाली समाजले एकाएक उनीहरूले प्रदर्शन गरेको साहसलाई स्वीकार्न सकेन । नेपाली समाजमा वर्चश्व भएकाहरूले मधेसीहरूको न्यायोचित सङ्घर्षलाई आफूमाथिको खतराको रूपमा बुझे । यसले पनि माघे विद्रोह र त्यसपछिका आयाम चौतर्फी दृष्टिले जटिल बन्दै गयो ।

## मधेसमाथिको दृष्टिकोण

माघे विद्रोहपूर्व मधेसीको सवाल नेपालको प्राज्ञिक/बौद्धिक वृत्तको प्रमुख सवाल थिएन ।[३] न त यसले सार्वजनिक तहमा नै बहसको गहन आयतन समातेको थियो । राजनीतिक वृत्तमा पनि यो केवल सीमित दल र समूहहरूको लागि चासोको कुरा थियो । नेपाली समाजमा हरेक हिसाबले हेपिएका र राज्य व्यवस्थाबाट नियोजित रूपमा पाखा पारिएका समुदायलाई केवल जातजन्य (दलित), जातीय (आदिवासी/जनजाति) र लैङ्गिक (महिला र पछिल्लो केही वर्षमा आएर समलिङ्गी), र धार्मिक अल्पसङ्ख्यक (मुस्लिम, शिख) को अवधारणामा हेरिन्थ्यो । यही अवधारणामा मधेसी दलित, मधेसी जनजाति एवं मधेसी महिलाको सवालबारे अध्ययन गर्न सकिन्छ र नीतिगत रूपमा समस्यालाई सम्बोधन गर्न सकिन्छ भन्ने बुझाइ नै नेपालको विकासे संसार, प्राज्ञिक जगत, राजनीतिक वृत्त र नीति निर्माताहरूमा हाबी थियो । कतिपय क्षेत्रीय चासोको सन्दर्भमा समेत (चाहे त्यो कर्णाली होस् वा सुदूरपश्चिम, तराई होस् वा हिमाली क्षेत्र) यही

[३] हालसम्म पनि Frederick H. Gaige (1975) ले गरेको अध्ययन नै मधेसको विषयमा भएको एकमात्र आधिकारिक र प्राज्ञिक कामको रूपमा स्थापित छ, जसले मूलतः पञ्चायती प्रारम्भ वर्षहरूमा भएका 'राष्ट्रिय एकता र क्षेत्रीय समायोजन' का नीतिहरूको व्याख्या गरेको छ । रघुनाथ ठाकुर (२०१५) को काम निकै खोजमूलक भए पनि धेरैले यसलाई बेवास्ता गरेको पाइन्छ । साथै यो हिन्दी भाषामा छ । अन्यथा महेशचन्द्र रेग्मीले गरेका कामहरूले नै मधेसको जमिनमाथिको अर्थ-राजनीतिलाई बुझाउन सक्छ (हेर्नोस् Regmi 1978, 1999a, 1999b) । पछिल्ला अध्ययनको लागि हेर्नोस् थापा र मैनाली (सन् २००६), उपेन्द्र यादव (२०५४, सन् २००३) । कार्यपत्रहरूमध्ये रामप्रकाश यादव (Yadav 2006), श्री गोविन्द साह (Shah 2006) र भास्कर गौतम (२०६१) हेर्नोस् ।

अवधारणा अन्तर्गत काम हुने गरेको पाइन्छ । हर्क गुरुङले अघि सारेको यो अवधारणामार्फत नै सबै वञ्चित समूहको सामेलीको सवाललाई समेट्न सकिन्छ भन्ने विश्वास नेपालको प्राज्ञिक, राजनीतिक एवं विकासे संसारमा अद्यापि कायम छ (Gurung 1998, 2004, 2006) । यही बुझाइको परिणाम नेपालमा सबै हिसाबले पाखा पारिएका समुदायलाई कसरी समावेश गर्ने भन्ने उद्देश्यले सन् २००५ मा लैङ्गिकता र सामाजिक (अ)सामेलीकरणको विषयमा गरिएको अहिलेसम्मकै ठूलो अध्ययनमा समेत मधेसी विषयवस्तु बनेनन् (हेर्नोस् GSEA Team 2005) ।[४] कारण मधेसी मूलतः नश्लको आधारमा गरिने रङ्गभेद भए पनि यसलाई क्षेत्रीय/जनजाति अवधारणामा अध्ययन गरिँदै आएको पाइन्छ । साथै 'नेपाली राष्ट्रियता' माथि चौतर्फी हिसाबले गहकिलो बहस नभएको समाजमा 'नेपाली नागरिक' हुनुको वास्तविकतालाई के कति कुराले निर्देशित गरेको छ भनेर मसिनो संवाद गरिएको पाइँदैन ।[५] त्यसैले २०४६ सालपछि दलित, महिला वा जनजातिको विषयमा भएका अध्ययन/अनुसन्धान र बहस तीव्र भए पनि विद्यमान अवधारणमा मधेसीहरू समेटिएनन् वा भनौँ अटाएनन् । जबकि जात/जातिको वर्गीकरणमा सय ओटा सूचीमध्ये ५८ ओटा मधेसमै पर्छन् (Gurung 2004) ।

वञ्चित समुदायको हक/अधिकार स्थापित गर्ने सङ्घर्षमा दलित, आदिवासी/जनजाति एवं लैङ्गिक वा क्षेत्रीय र धार्मिक अल्पसङ्ख्यकको आधारमा जति पनि अध्ययन भए तिनले 'नेपाली नागरिकत्व' ले कसरी आकार ग्रहण गरिरहेको छ भन्ने विषयका उति ध्यान पुऱ्याएको पाइँदैन ।[६] यस्तो ध्यान नपुगेकै कारण पहाडी-मधेसीबीचको गहिरो सांस्कृतिक भिन्नता धेरैको लागि अध्ययनको विषय नै थिएन । माघे विद्रोहपछि मात्रै यसबारे केही बौद्धिक कसरत हुन थालेको छ (हेर्नोस् थप अध्ययन सामग्री यसै पुस्तकमा) । माघे विद्रोहपूर्व यी विषयहरू ओझेलमा परेकोले नै मधेसीहरूको पहिचानले भोगिरहेको सङ्कट, नेपाली समाज

---

[४] माघे विद्रोहपछि मात्र हालसम्म गरिँदै आएको अध्ययनमा मधेसीको सवाल राम्रोसँग समेट्न नसकिएको महसुस गरियो र मधेसीबारे पुनः अध्ययन गरेर बेग्लै अध्याय थप्ने काम भयो । मधेसमाथिको यो अध्ययन भर्खरै मात्र सम्पन्न भएको छ (हेर्नोस् JAGRIT Nepal 2007) ।

[५] समय समयमा सीके लालले यो कुरा उठाउँदै आएका छन् (हेर्नोस् लाल २०६३क, Lal 2003) ।

[६] 'नेपाली नागरिकत्व' बनिने प्रक्रियामा पर्याप्त ध्यान जान नसकेकै कारण पञ्चायतले चाहेअनुरूप मधेसमा नश्लको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण गर्ने संस्कार बस्यो । नेपाली नागरिकतालाई नै नेपाली राष्ट्रियताको प्रमाण पत्रको रूपमा प्रस्तुत गर्न पञ्चायती राष्ट्र एवं उग्र राष्ट्रवादीहरू सफल भए ।

एवं राज्य-व्यवस्थामा सामेल हुन नसकेको जटिलता एवं राजनीतिक प्रतिनिधित्वबाट ठगिएको वस्तुस्थिति आम चासोको विषय थिएन । तथापि राजनीतिक चासोका हिसाबले केही अध्ययनहरू भएका थिए (हेर्नोस् यादव २०५४; मजफो २०५५; यादव सन् २००३; गुप्ता र अरू २०६०; मधेसी एकता कार्यदल २०६०; मजफो २०६१; गुप्ता २०६१) । मधेसीहरूलाई सम्पूर्ण क्षेत्रबाट वञ्चित गरिएकै आधरमा मधेसलाई आन्तरिक औपनिवेशीकरणको शिकार बनाइयो एवं भू-राजनीतिक चपेटमा उनीहरूको 'नेपालीय' राष्ट्रियतालाई प्रश्नको दायरामा राखियो । यी वास्तविकतालाई आत्मसात गर्दै सीके लाललगायत एकाध व्यक्तिले पहिल्यैदेखि लेखिरहे/बोलिरहे पनि माघे विद्रोहपूर्व मूलतः यो वास्तविकता सानो वृत्तमा सीमित थियो । माघे विद्रोहपछि पनि मधेसी विभेदको मूल आधार रङ्गभेद हो भनेर स्वीकार्ने प्राज्ञ/राजनीतिकर्मी/अभियन्ताको नेपाली समाजमा खडेरी छ ।[७]

माघे विद्रोहपूर्व पहाडीहरूको काल्पनिकीमा मधेसीहरू 'मर्स्या', 'धोती' र 'भैया' थिए । अर्थात् उनीहरू काला जाति र भारतीय मूलका हुन्, जो 'नेपाली' होइनन्, 'मधेसी' हुन् भन्ने मानसिकता थियो । पहिला यस्तो भन्ने नेपाली समाजका तथाकथित उच्च, सङ्कीर्ण, असहिष्णु र अहङ्कारी अगुवाहरूको सङ्ख्या बग्रेल्ती थियो । यो बुझाइमा २०६३ माघपछि ठूलै फेरबदल भए पनि तात्विक कायापलट भइसकेको अवस्था छैन । मधेसी-पहाडीको सम्बन्धलाई अझ सङ्कुचित दायरामा हेर्ने जमात पनि बढ्दै छ । अर्कोतर्फ धेरै मधेसी अधिकारकर्मीले समेत मूलतः प्रादेशिक पृष्ठभूमिमा गरिएको जातीय भेद्भावको रूपमा मधेसी सवाललाई उठाइरहेको पाइन्छ । 'एकल मधेस एक प्रदेश' यही मान्यताबाट जन्मिएको राजनीतिक नारा हो, जसले भौगोलिक क्षेत्रलाई सबैभन्दा बढी प्राथमिकता दिएको छ । पछिल्लो समयमा आएर मधेसी नेतृत्वले आफ्नो राजनीतिक वृत्त एवं मतदाता बढाउनको लागि यसलाई राजनीतिक मागको रूपमा अघि सारेको पाइन्छ भने मूलतः थारूहरूले यसलाई उनीहरूको पहिचान एवं स्वायत्ततामाथिको हमलाको रूपमा लिएको देखिन्छ ।[८] विचारको दृष्टिले मधेसमा भएको विविधतालाई पन्छाएर वा अस्वीकार गरेर राजनीतिक दलहरू 'मधेसवाद' लाई स्थापित गर्न प्रयासरत् छन् । यसको विपरीत मधेसमा भएको विविधतालाई स्वीकारेर एकताको

---

[७] *तेहल्काका* पत्रकारले मधेससम्बन्धी गरेको एउटा रिपोर्टिङमा भने कनकमणि दीक्षितले रङ्गभेदी पक्षलाई उल्लेख गरेका छन् (Thakur 2007) ।

[८] थारूहरूको उत्पत्ति र पहिचानबारे थप जानकारीको लागि हेर्नोस् Gunaratne (2002), Skar (1999) । थारू र मधेसीबीचको विवादको लागि हेर्नोस् Chaudhary (2006, 2007), Kumar (2007) र भाट (२०६४) ।

आधार बनाउनेतर्फ केन्द्रित हुनुपर्थ्यो, त्यसो भएको पाइँदैन । बरु प्रारम्भमा पञ्चायती राज्य एवं २०४६ सालपछि ठूला राजनीतिक दलहरूले गर्दै आएको गल्ती दोहोऱ्याउन खोजेको पाइन्छ ।

२०६३ पछिको सरकारले पनि यही असफलतालाई निरन्तरता दिएको सङ्केत प्रारम्भमा पुसको नेपालगञ्ज दङ्गामा देखियो (हेर्नोस् यसै पुस्तकमा शालिकराम सापकोटा र सीपी सिंह) । माघे विद्रोहसम्म आइपुग्दा यो वास्तविकता छर्लङ्ग भएका अनेकौं दृष्टान्त यस पुस्तकका लेखहरूमा पाउन सकिन्छ । माघे विद्रोह राज्य व्यवस्थामा एवं राजनीतिक वृत्तमा मधेसीहरूको सहभागिताको लागि मात्र भएको थिएन । यो नेपाली समाजमा समान अस्तित्वको लागि गरिएको सङ्घर्ष थियो । यसले 'नेपालीय राष्ट्रियता' र 'नेपाली नागरिकत्व' लाई पुनर्व्याख्या गर्न सघाउने अपेक्षा त्यसताका भरपूर रह्यो । यो अद्यापि कायम छ । त्यसैले केवल राज्यका सबै अङ्गमा बराबरीको अंश र हकको लागि मात्र मधेसीहरूको गुञ्जन मुखरित भएको थिएन । फगत समानुपातिक निर्वाचन प्रणालीको सहारामा संविधानसभामा पुग्ने विभेदकारी बाटोको अन्त्य मधेसीहरूको लक्ष्य थिएन । आत्मसम्मान र स्वाभिमानका साथ नेपालभित्र र बाहिर मधेसी हुनुमा गर्व गर्दै इज्जतदार नेपाली नागरिक भएर बाँच्न पाउने अभिलाषासहित मधेसीहरू जुर्मुराएका थिए । त्यसैले नेपाली राष्ट्रियतालाई पञ्चायती बुझाइ, मान्यता र घेराभन्दा फराकिलो र व्यापक बनाउन माघे विद्रोहले ऐतिहासिक भूमिका खेल्ने अपेक्षा मधेसीहरूमा व्यापक रह्यो ।[९]

नेपाली समाजमा मधेसीलगायत सबै वञ्चित समुदाय आफ्नो हकअधिकारको लागि यति सशक्त रूपमा आन्दोलित कहिल्यै थिएनन् । यसको लागि अति महत्त्वपूर्ण आधार नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को सशस्त्र सङ्घर्षको समयावधिमा उठाइएका सवालहरूले प्रदान गरेको हो भन्ने कुरामा धेरैको दुईमत छैन । यस पुस्तकका अधिकांश लेखहरूले पनि यो वास्तविकतालाई स्वीकारेको पाइन्छ । मधेसको सवाललाई सबैभन्दा सङ्गठित रूपले उठाएको मात्रै हैन, नेपालको इतिहासमा पहिलो पटक मधेसीहरूको चासो र चिन्तालाई सही रूपमा नेकपा (माओवादी) ले बुझेको दाबी गर्दै बाबुराम भट्टराई लेख्छन्,

> ...सन् पचासको दशकदेखि मधेसी जातीय/राष्ट्रिय मुक्ति आन्दोलनको कुरा उठे पनि त्यसले खासै प्रभावकारी रूप लिन सकेको थिएन । तराई काँग्रेसदेखि सद्भावना

---

[९] यो खण्ड गौतम (२०६३ख) मा आधारित छ ।

> पार्टीसम्मका मधेस केन्द्रित पार्टीहरूले सामन्ती भूमिपति वा दलाल तथा नोकरशाही पूँजीपति वर्गको कोणबाट मात्रै मधेसी प्रश्नलाई उठाउने प्रयत्न गरेकाले उनीहरूले आम मधेसी जनसमुदायलाई जागृत र आन्दोलित गर्न सकेनन् र सक्ने कुरा पनि थिएन । नेकपा (माओवादी) ले नै मधेसको इतिहासमा पहिलो पटक मधेसी जाति/राष्ट्रियताको वैज्ञानिक परिभाषा, तय गरेर मधेसी मुक्ति आन्दोलनको स्पष्ट नीति तथा कार्यक्रम अघि सारेको हो । जब कि पहिलेका अन्य सबै पार्टी र समूहहरूले नश्ल वा भूगोलको आधारमा मात्र मधेसीको परिभाषा गरेका थिए भने नेकपा (माओवादी) ले स्टालिनद्वारा प्रतिपादित परिभाषाबाट अघि बढ्दै साझा भाषा, साझा भूगोल, साझा अर्थतन्त्र र साझा मनोवैज्ञानिक बनोट वा संस्कृति भएका ऐतिहासिक रूपले विकसित स्थीर जनसमुदायलाई मधेसी जाति/राष्ट्रियताको रूपमा परिभाषित गरेको हो (भट्टराई २०६४: ७) ।

यस वास्तविकतालाई थप प्रस्टचाउँदै उनी लेख्छन्,

> ...मधेसी जातिलाई 'भारतीय मूल' का भन्ने विगतको गलत सोच र नीतिको कारणले मधेसी मुक्ति आन्दोलनलाई परमुखी र पराधीन बनाउने खतरा रहँदै आएको थियो भने माओवादीले अघि सारेको वैज्ञानिक र ऐतिहासिक परिभाषाले मधेसी आन्दोलनलाई इतिहासमा पहिलोपटक स्वावलम्बी, आत्मनिर्भर, जनमुखी, व्यापक र सशक्त बनाएको हो । किनकि निरन्तर गतिशील मानव समुदायको विकासको निम्ति उसको उद्‌गमको थलोले उति अर्थ राख्दैन जति उसको ऐतिहासिक रूपले विकसित साझा भाषा, भूगोल, अर्थतन्त्र र मनोवैज्ञानिक बनोटले राख्दछ (भट्टराई २०६४: ८) ।

तर धेरै मधेसीहरू नेकपा (माओवादी) को व्याख्यासँग सहमत छैनन् । सीके लालको तर्क छ,

> मधेसको उत्पीडनले सामन्ती प्रकृतिको मात्र नभएर औपनिवेशिक व्यापकता लिएको हुनाले माओवादीहरूले भने जस्तो वर्गीय आधारमा मात्र मधेसीहरूको पीडालाई व्याख्या गर्न सकिँदैन । ...मधेसीहरूको स्थान राष्ट्रिय जीवनमा जहिले पनि 'दोयम' रहने (गरेको), ...मधेसी विरोधी मनस्थिति नेपालको परिकल्पना, परिचय तथा संरचनामा एकनासले विद्यमान रहेकाले मधेसीहरूको उत्पीडनलाई स्वाभाविक मान्ने संस्कृति नै संस्थागत हुन पुगेको छ (लाल २०६३ख) । ...पहिचानको द्वन्द्वसँग गाँसिएको समाजशास्त्र वर्गीय प्रतिस्पर्धाभन्दा धेरै जटिल हुन्छ (Lal 2007) ।

मधेसीको पहिचानको सङ्कट र यसको आधारमा सिर्जित रङ्गभेदी विभेद हर्क गुरुङले अघि सारेको दलित, महिला, जनजातिको खाका वा नेकपा (माओवादी) ले भन्दै आएको जातीय/राष्ट्रिय आधारमा गरिने वर्गीय सङ्घर्षमा मात्रै समेटिएको देखिन्न । सीके लालले भने जस्तै,

> ...नस्लवादी सोच तर्कमा नभएर अन्धविश्वासमा आधारित हुन्छ, त्यसैले कृत्रिम नेपाली जाति र काल्पनिक नेपालीपनबाट नेपालीय राष्ट्रियता तथा 'नेपालीयता' को सोच स्थापित गर्न सजिलो छैन (२०६३क)।

माघको विद्रोह यसको ज्वलन्त दृष्टान्त रह्यो। पहिचानको यही सङ्कटलाई करिब दुई दशकदेखि नेपाल सद्भावना पार्टी (नेसपा) ले मधेसवादको रूपमा स्थापित गर्न खोजेको थियो (हेर्नोस् विकास कुमार तिवारी २०६४; महतो २०६४; अनुसूची १क)। नेसपाको मागहरू विविध भए पनि राज्यव्यवस्थाबाट मधेसीहरूलाई योजनाबद्ध रूपमा तिरस्कृत गरिएकोले झापादेखि महेन्द्रनगरका सबै मधेसीहरू एकबद्ध भएर अघि बढ्नु पर्छ भन्ने तर्क नेसपाले गर्दै आएको थियो। यही कारण बृहत् मधेसवादमा नेसपाले मधेसी अधिकारको कुरा उठाउन खोजिरह्यो। सँगै नागरिक अधिकारलाई बढी प्राथमिकता दिएको र राज्यमा आधा हिस्सा दाबी गरेको पाइन्छ (हेर्नोस् अनुसूची १क)। यसरी राज्य व्यवस्थामा ठाउँ पाएमा मधेसीहरूको स्थान 'दोयम' बाट 'अब्बल' हुने विश्वास नेसपाको मात्रै हैन, पछि मधेसी जनअधिकार फोरम (मजफो), तराई-मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) आदिको पनि रह्यो। ठूला दलहरूका मधेसी नेतृत्वमा पनि यही मान्यता भएको बुझिन्छ। माघे विद्रोहमा सडकमा 'मागो मधेस जागो मधेस' र 'समग्र मधेस एक प्रदेश' जस्ता नाराहरू नै लोकप्रिय बनेको दृष्टान्तले बताउँछ २००८ पछिका वर्षहरूमा नेपाल तराई काँग्रेस र पछि नेसपाले स्थापित गर्न खोजेका नाराहरू माघमा हाबी भएका थिए। अन्य मागहरू भने बढी नेकपा (माओवादी) ले उठाउँदै आएको थियो (हेर्नोस् भट्टराई २०६४; साह २०६३)। तथापि मधेस विद्रोहको ठूलो जश मधेसी जनअधिकार फोरम (मजफो) लाई गयो जसको आह्वानमा यसले मूर्त रूप लियो। अन्य दल, पक्ष एवं समूहले विद्रोहको जश न्यून मात्र पाए पनि यो विद्रोह सामान्य मधेसीहरूको चाहनाले सम्पन्न भएकोमा दुईमत देखिन्न।

विभिन्न सैद्धान्तिक/वैचारिक अस्पष्टताका बाबजुद सङ्घर्षको समयमा निकै खरो रूपमा मधेसीहरू प्रस्तुत भएको दृष्टान्तले बताउँछ– उनीहरूको भोगाइ, हेपिएको अनुभव एवं अवहेलनाको पीडा सबैभन्दा सघन थियो। त्यसैले 'मधेसवाद' भित्र मधेसीहरू सहजै समेटिन पुगे। 'मधेसी' हुनुको नितान्त एकल पहिचान सघन हुँदै गयो। जुन समयमा वञ्चित समुदायमा अन्य विविध पहिचान गौण बन्दै जान्छ र केवल विशिष्ट पहिचानले घर गर्न थाल्छ, पहिचानको सङ्घर्ष निकै खतरनाक, जटिल र हिंस्रक हुने सम्भावना बढ्दै जान्छ (Sen 2005)। माघे विद्रोह पूर्व नेकपा (माओवादी) ले पहिचानको राजनीतिलाई बेवास्ता गरेर वर्गीय सवालको रूपमा मात्र यसलाई उठाउने कारणले स्थिति जटिलता बन्दै गयो (हेर्नोस् यसै पुस्तकमा

विजयप्रसाद मिश्र) भने विद्रोहपछि यसमा हाबी नितान्त मधेसवाद (वा पहाडीवाद) ले स्थितिलाई हिंस्रक बनाउन मद्दत पुऱ्याएको छ (झा २०६४; मिश्र र यादव २०६४) । चुरेभावर एकता समाज पनि यही कट्टरपनको एउटा उपज हो (मैनाली २०६४क, २०६४ख) । एकातर्फ 'मधेसवाद' बाट बच्न, अर्कोतर्फ 'मधेसवाद' लाई कमजोर बनाउन सहजै चुरेभावरको नाममा गैरमधेसीहरू सङ्गठित बने । ठूला दलहरूले यसलाई राजनीतिक फाइदाको लागि उपयोग गरे । नेपालले लिन खोजेको परिवर्तनको दिशा विरुद्ध विशिष्टपन उपयोग गर्न दरबारिया-दक्षिणपन्थी गठबन्धनलाई समेत धेरै सजिलो हुँदै गयो । यसैलाई विदेशीहरूले बढी मलजल गरिरहेका छन् (लाल २०६४क, २०६४ख; साह २०६४क) । मिडिया र मानवअधिकार पनि यही सङ्कुचित मानसिकता एवं राजनीति प्रपञ्चको शिकार बनेको पाइन्छ ।

## विफल मिडिया र मानवअधिकार

दुइटा पृथक् वृत्तमा २०४६ सालपछि मौलाएको सबैभन्दा सशक्त क्षेत्र सञ्चार एवं मानवअधिकार हो । त्यसैले मिडिया र मानवअधिकार लोकतन्त्रको लागि अपरिहार्य माध्यम मात्र हैन सबैभन्दा प्रमुख सारथी पनि मानिन्छन् । लोकतन्त्रमा राजनीतिक दलको विकल्प नरहेकोले दलहरूले एकाधिकार स्थापित गर्न खोजे जस्तै 'यो राष्ट्र हामीले दिएको सूचनाको भरमा चलेको छ' भन्ने विचित्रको मानसिकताबाट नेपाली मिडिया ग्रसित छ । अनि 'मानवअधिकार विना लोकतन्त्र सम्भव छैन' भन्ने भ्रामक अहम्मा मानवअधिकारवादीहरू क्रियाशील भएकोले यो क्षेत्र पनि धेरै हदसम्म गैरलोकतान्त्रिक अभ्यासमा भासिएको बुझिन्छ । यो तर्कलाई पुष्टि गर्ने सशक्त उदाहरण नेपालगञ्ज दङ्गा बन्यो । नेपालगञ्जलाई जसरी ध्वंस बनाइयो, त्यो सूचना दिए देशमा साम्प्रदायिक मुठभेड हुन्छ भन्ने अनावश्यक गैरजिम्मेवारी एवं गैरव्यावसायिक कर्तव्यबोधकै पूर्वानुमानमा ठूलो घटनालाई लुकाउने कोसिस मिडियाले गऱ्यो । यसबारे त्यसताका जे जति रिपोर्टिङ भए त्यसले नेपालगञ्जवासीलाई निराश तुल्याएको थियो भने सामान्य मानिसलाई सूचनाको हकबाट बाहिर राखिएको थियो ।[१०] अर्कोतर्फ कुनै पनि राष्ट्रिय/अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाले नेपालगञ्ज दङ्गाको छानबिन गरेर वास्तविकता सार्वजनिक गरेनन् । माघे विद्रोहको समयमा र त्यसपछि

---

[१०] नेपालगञ्ज दङ्गामाथि भएको सीमित रिपोर्टिङको लागि हेर्नोस् (पाण्डे २०६३; पाण्डे र नेपाल २०६३क, २०३६ख; The Himalayan Times 2006a, 2006b), यो वास्तविकतालाई आत्मसात गरेर नेपालगञ्ज दङ्गाको करिब पाँच दिनपछि मिडियाका प्रभावशाली पत्रकार/सम्पादक एवं केही

मानवअधिकार हनन्को चर्को स्वरहरू सार्वजनिक भए पनि मानवअधिकारवादी सङ्घसंस्थाले घटनाहरूको निश्चित सन्दर्भसहित समग्र पक्षलाई समेट्ने आधिकारिक दस्तावेज वा प्रतिवेदन प्रकाशनमा ल्याएको पाइँदैन । आपसी प्रयोगको लागि विभिन्न प्रतिवेदनहरू तयार पारिएको बुझिन्छ । गौरमा नेकपा (माओवादी) र मधेसी जनअधिकार फोरमबीचको द्वन्द्वले निम्त्याएको नरसंहारमाथिको प्रतिवेदन यो सिलसिलाको अपवाद हो जहाँ धेरै मानवअधिकारकर्मीको भ्रमण टोली तत्कालै पुग्यो, अध्ययन गर्‍यो र पछि थुप्रै प्रतिवेदनहरू सार्वजनिक भए ।[११]

२०४६ सालपछि मिडियाले 'चौथो अङ्ग' को भूमिका आंशिक रूपमा मात्र निर्वाह गरेको तर्क धेरैको छ (Onta 2002) । 'निगरानी' गर्ने भूमिका मिडियाले प्रायः निर्वाह गर्दैन र अधिकतर यो आर्थिक-राजनीतिक फाइदाको लागि राजनीतिक दल एवं व्यापारिक वर्गको औजारको रूपमा प्रयोग हुन्छ । त्यसैले समाजमा जसको वर्चश्व छ उनीहरूले आफ्नो स्वार्थ अनुकुल 'सहमति' निर्माण गर्न मिडियाको प्रयोग गर्छन् (Chomsky 2002) । चोम्स्कीले गर्दै आएको तर्क नेपालगञ्ज दङ्गामा धेरै हदसम्म चरितार्थ भएको महसुस गर्न सकिन्छ । नेपालगञ्ज दङ्गामा देखिएको मिडियाको चरित्र अलि पृथक् रूपमा माघे विद्रोहमा पनि हाबी रह्‍यो । अर्थात् आर्थिक-राजनीतिक फाइदाको लागि मिडियाले 'शासकीय मानसिकता' वा 'वर्चश्ववादीहरूको विचार' लाई नै बढी प्रतिनिधित्व गरिरहेको छ; गरीब एवं वञ्चित समुदायको पहुँचभन्दा यो बाहिर छ नेपालगञ्जमा पुनः चरितार्थ भयो । योभन्दा पहिला पनि मिडियाले मधेसलाई सतही रूपमा मात्रै बुझ्दै आएको तर्क केही मधेसी सञ्चारकर्मीले गर्दै आएका थिए (हेर्नोस् प्रेमर्षि २०६१, सन् २००६; चन्द्रकिशोर २०६४) ।

मधेसीको आधारभूत चाहना भनेको उनीहरूको पहिचान हो र नेपाली समाज एवं राज्यले त्यो पहिचानलाई मान्यता दिओस् भन्ने अपेक्षा हो । यसले नै राजनीतिक हक प्राप्ति एवं राज्यका अङ्ग-प्रत्यङ्गमा मधेसीहरूको सहभागिताको

---

मानवअधिकारकर्मीले नेपालगञ्जका केही पत्रकार र अन्य क्षेत्रका मधेसी अभियन्तालाई बोलाएर नेपालगञ्जको स्थिति एवं मधेसी राजनीति बुझ्न काठमाडौँमा एउटा अनौपचारिक छलफल गरेका थिए । बाहिर सार्वजनिक रूपमा नभने पनि आफूहरू चुकेको अनुभूति यो छलफलमा प्रतिबिम्बित थियो । मिडिया र मानवअधिकार जगतप्रतिको यो असन्तुष्टि २०६४ वैशाख २१ मा नेपालगञ्जमा फोर्स नेपाल र मार्टिन चौतारीले आयोजना गरेको छलफल कार्यक्रममा समेत प्रतिबिम्बित रह्‍यो ।

११ फरक तथ्य एवं व्याख्याका कारण राष्ट्रिय मानवअधिकार आयोग एवं राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयका प्रतिवेदन धेरै चर्चामा आए (OHCHR Nepal 2007) । तर अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र मानवअधिकार तथा शान्ति समाजलगायत धेरैले तत्कालै प्रतिवेदन सार्वजनिक गरेका थिए । गौरपछि मानवअधिकार जगत एवं समग्र राजनीतिमा देखिएको पहिलो साताको विकास क्रमको लागि हेर्नोस् Ranjitkar (2007) ।

लागि बाटो खोल्छ भन्ने विश्वास हो । २००७ सालदेखि आजसम्म यो वास्तविकतालाई जसरी नेपाली राज्यले स्वीकार्न चाहेको छैन त्यसरी नै नेपाली मिडियाले पनि नेपालगञ्ज काण्डलाई स्वीकार्न चाहेन । एकातर्फ यसमा भएको अवाञ्छित चलखेललाई ढाक्न र अर्कोतर्फ राज्यको सुरक्षा शक्तिको दुरुपयोगलाई लुकाउन समेत मिडियाले मद्दत गर्‍यो । यस्तै चिन्तनका कारण मधेसी मात्र हैन सबै उपेक्षित एवं वञ्चित समुदायको सङ्घर्षले सार्वजनिक वृत्तमा समेत ठाउँ नपाएको महसुस गर्दै कठोर रूप लिने गर्छ । यो वास्तविकतालाई नेपाली मिडियाले आत्मसात गर्न नसकेकोले नै उनीहरूले सोचे विपरीत नेपालगञ्ज काण्डका असरहरू देखिँदै गए । नेपालगञ्ज काण्ड गोप्य रहेन । अन्य माध्यमबाट भए पनि सबै कुराहरू बाहिर आए । मिडियाले यसलाई लुकाएकै कारण, नेपालगञ्ज दङ्गाको सिडि (अपूरो तथ्य) को माग बढ्यो । मधेसी समुदायबीच त्यसको वितरण व्यापक बन्यो र नेकपा (माओवादी) लगायत अन्य राजनीतिक दलका मधेसी नेतृत्वले आफ्नो स्वार्थ अनुकूल सिडि वितरण गरे (हेर्नोस् यसै पुस्तकमा रामनरेश यादवको लेखमा यससम्बन्धी विवाद; अर्याल र अधिकारी २०६३) ।[१२] मिडियाले यथार्थ दबाउन चाहेकै कारण पहाडी चिन्तन हाबी रहेको शासकीय प्रवृत्तिले नेपाली सञ्चारलाई गाँजेको तथ्य थप उजागर भयो । मधेसी समुदायले यो यथार्थलाई झन् राम्रोसँग बुझे । यो नेपाली मिडियाको ठूलो व्यावसायिक एवं वैचारिक असफलता थियो ।

यिनै वास्तविकताले अर्को ठूलो सत्य पनि सामुन्ने ल्यायो । एकआपसमा सरसल्लाह नै नगरे पनि सबै मिडियामा नेपालगञ्ज दङ्गाबारे तात्विक केही आएन । जनआन्दोलन २०६२/०६३ मा लोकतन्त्रको पक्षमा भूमिका खेले पनि मिडियामा लोकतान्त्रिक चेत रहेनछ भन्ने सन्देश यसले पुनः दियो । यदि मिडियाले लोकतान्त्रिक समाज-व्यवस्थालाई बुझ्न सकेको भए, त्यसप्रति प्रतिबद्ध भएको भए, र उनीहरूको मूल्याङ्कनमा नेपालगञ्ज दङ्गा वास्तवमै साम्प्रदायिक चरित्रको भएको भए पनि आफ्नो व्यावसायिक कौशल देखाउँदै 'मानवीय क्षति' को पाटोबाट धेरै समाचार आउन सक्थ्यो । असन्तुष्ट समुदायले न्याय पाउने सानो माध्यम खुला रहन्थ्यो । मधेसीहरूले मिडियामा मात्र ठाउँ पाएको भए पनि नितान्त एक्लिएको महसुस गर्दैनथे । तर नेपालगञ्ज दङ्गापछि नेपालगञ्जवासीको आत्मा जलिरहँदा, समाजको सम्पूर्ण तप्काले उनीहरूलाई अविश्वास गरिहँदा

---

[१२] २०६४ वैशाख २१ देखि ३० गते बीच नेपालगञ्ज, वीरगञ्ज, जनकपुर, लहान र विराटनगरमा मार्टिन चौतारीले आयोजना गरेका कार्यक्रमहरूमा विभिन्न पक्षबाट सिडिले जन्माएको आक्रोशबारे चर्चा गर्ने मधेसी अधिकारकर्मी धेरै थिए ।

समेत सरकारले मात्र हैन नेपाली मिडियाले पनि लगभग मौनव्रत धारण गऱ्यो । यस पुस्तकमा समावेश शालिकराम सापकोटा र सीपी सिंहको लेखबाट बुझिन्छ– योजनाबद्ध हिसाबमा नेपालगञ्जमा मधेसी-पहाडी र हिन्दू-मुस्लिमबीच दङ्गा भड्काउने प्रयासमा सबैभन्दा पीडित नेपालगञ्जका मुसलमानहरू भए । यसको लागि राज्य संयन्त्रको दुरुपयोग गरियो । नेपालगञ्जमा दङ्गा भड्किन नदिन नेकपा (माओवादी) र स्थानीय नागरिक समाजको भूमिका अहम् भए पनि मुस्लिमहरूको पक्षमा त्यसपछि बोलिरहने ⁄ लेखिरहनेहरूको सङ्ख्या नगण्य रह्यो । नेपालगञ्ज दङ्गा भएको एक वर्ष बितिसक्दा समेत स्थानीय व्यापारी एवं अन्य पीडितहरूले कुनै न्याय एवं क्षतिपूर्ति नपाएको अवस्था छ । माघे विद्रोहपछि मधेसी हकअधिकारको मात्राले नेपाली मिडिया छाएको जस्तो देखिए पनि यस्ता अनेकौँ विषयहरू एवं राज्य संयन्त्रको दुरुपयोगबारे पत्रकारहरूले गहन सामग्री प्रस्तुत गरेको उदाहरण नगण्य छ । न त वैचारिक लेखहरू नै पर्याप्त मात्रामा आउन सकेका छन् (हेर्नोस् थप अध्ययन सामग्री यसै पुस्तकमा) ।

यही प्रवृत्तिको शिकार मानवअधिकारकर्मी पनि बने । नेपालगञ्ज दङ्गाबारे देशभित्रका मानवअधिकारवादी सङ्घसंस्था मात्रै हैन नेपालगञ्जस्थित संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले पनि मौनव्रत साध्यो । परिणाम स्वाभिमान, सामाजिक न्याय र मर्यादाको लागि मधेसीहरू सडकमा ओर्लिनु बाहेक अन्य विकल्प सरकारले मात्र हैन मिडिया र मानवअधिकारकर्मीले पनि बाँकी छोडेनन् । मिडिया एवं मानवअधिकारकर्मीको अकर्मण्यताबाट मधेसीहरूले बुझे, स्वाभिमान र इतिहासदेखि खोसिएको उनीहरूको साख फर्काउने उपाय सङ्घर्ष मात्र हो । यसैकारण उनीहरू उन्नाइस दिनको जनआन्दोलनभन्दा ठूलो आत्मविश्वासका साथ माघे विद्रोहमा होमिए ।

मिडिया ⁄ मानवअधिकारले नेपालगञ्ज दङ्गा पूर्ण रूपमा बेवास्ता नगरेको भए, त्यसमा भएको दरबारिया-दक्षिणपन्थी चलखेललाई बाहिर ल्याउन सकेको भए सम्भवतः माघे विद्रोहमा आक्रोश र हिंसाको मात्रा नगण्य हुन पनि सक्थ्यो । मधेसीहरूको आन्दोलन नितान्त शान्तिपूर्ण पनि हुन सक्थ्यो अथवा विद्रोह नै पर धकेलिने सम्भावना पनि हुन सक्थ्यो । तर यो पाटोबाट सञ्चार ⁄ मानव-अधिकारकर्मीले कहिल्यै सोच्न चाहेको पाइँदैन । उनीहरूले ठूलो त्रुटि गरिरहे अनि मधेसीहरूलाई एक्ल्याउन, निराश बनाउन आन्दोलनकारीको आक्रोशलाई भड्काउन र केही हदसम्म हिंसात्मक रूप दिन बल पुऱ्याइरहे । हिंसाको अभिव्यक्ति भौतिक मात्र नहुने वास्तविकतालाई सञ्चार ⁄ मानवअधिकारकर्मीले पन्छाइरहे । नतिजा मधेस विद्रोहको क्रममा मिडिया प्रताडित बन्न पुग्यो ।

मानवअधिकारवादीलाई आन्दोलनकारीहरूले टेरेनन् । जसरी मिडिया एवं मानवअधिकार रक्षकमाथिको हिंसात्मक अभ्यास गलत थियो सञ्चारकर्मी/मानवअधिकारकर्मीको गल्ती त्योभन्दा कम थिएन । तथापि अरूका कमीकमजोरी माथि औँला तेर्साउने सञ्चारकर्मीले यो वास्तविकतालाई कहिल्यै आत्मसात गर्न चाहेनन् । मानवअधिकार रक्षकहरूले भौतिक आक्रमणको प्राविधिक गणना गरिरहे, त्यस्ता घटनाको कारण कहिल्यै खोतल्न चाहेनन् । त्यसैले गल्ती गर्ने समूहले गल्ती स्वीकार्नुपर्ने अनि माफी माग्नुपर्ने कुरालाई वाक् स्वतन्त्रता एवं मानवअधिकार जस्ता मौलिक हकको दृष्टिकोणबाट जोडदारसाथ उठाइरहे पनि (बस्नेत सन् २००७) मिडिया वा मानवअधिकार रक्षक आफैले माफी मागेको उदाहरण कहिल्यै पाइँदैन । मिडियाले आफूले गरेको गल्तीको माफी माग्नु नपर्ने (हेर्नोस् बनियाँ सन् २००७; नेपाल पत्रकार महासङ्घ २०६४), उत्पीडित समुदायको मानवअधिकार हननको कारण अधिकारकर्मीहरूले खोतल्नु नपर्ने तर उत्पीडितहरूबाट कुनै गल्ती भएमा उनीहरूले माफी माग्नुपर्ने, जवाफदेही हुनुपर्ने एकतर्फी न्याय प्रणालीको कल्पना सञ्चार एवं मानवअधिकार जगतमा देखिन्छ । यही चिन्तन, कार्यशैलीले मधेस विद्रोहलाई मिडिया/मानवअधिकार जगतप्रति आक्रामक बनाएको पाइन्छ । अनि नेपाली समाजलाई नै ठूलो तवरमा साँघुरो बनाउँदै (१) वाक् स्वतन्त्रता एवं सूचनाको हकको बुझाइलाई साँघुरो बनाउन, (२) मानवअधिकार उत्पीडन पूर्वको रोकथाम नभएर क्षतिपछिको प्राविधिक गणनामा सीमित बनाउन, र (३) राजनीतिक चिन्तन र/वा विचारको बाटोलाई सङ्कुचित तुल्याउँदै अधिकांश मिडिया/मानवअधिकारकर्मीहरू राजनीतिक दलहरूले निर्माण गरिरहेको साँघुरो दायरामा आफूलाई समाहित गर्न अभिसप्त देखिन्छन् ।

यही कारण 'पहाडी पहिचानमा निर्मित नेपालीपन/नेपालीत्व' ले हेपिएका मधेसी मात्र हैन; 'नेपाली समाज र राष्ट्रले अँगालेको जातीय संरचना' मा पेलिएको दलित; 'नेपाली समाजमा हाबी हिन्दू राष्ट्रियता एवं जातीय एकरूपताको सोच' ले ठगिएको जनजाति; र 'पुरुष प्रधान राज्य' मा दबिएका महिलालाई पनि मिडियाको प्रभावबाट बाहिरै राखिरहेको अवस्था छ ।[१३] माघे विद्रोहमा मधेसीहरूले

---

[१३] २०४६ पछि जनजातिको क्षेत्रमा क्रियाशील गैरराजनीतिक संस्थाबाहेक मिडिया एवं प्राज्ञिक क्षेत्रको योगदान जनजाति आन्दोलनमा महत्वपूर्ण रहेको तर्क प्रत्यूष वन्तको छ (हेर्नोस् Onta 2006) । तर २०६२/०६३ को आन्दोलन पूर्व जनजाति आन्दोलनप्रति मिडियाको धारणा नकारात्मक रहेको तर्क पासाङ शेर्पाको छ । जनआन्दोलनपछि मात्र मिडिया तुलनात्मक रूपमा उदार रहेको अनुभव जनजाति अभियन्ताले गरिरहेको उनी बताउँछन् (२०६४ माघमा पासाङ शेर्पासँग गरेको कुराकानी) । ठूला मिडियामा काम गर्ने थुप्रै पत्रकारहरू शेर्पाको तर्कसँग सहमत छन् ।

यही असन्तुष्टिलाई हिंसात्मक रूपसमेत दिए । लोकतन्त्रको लागि सङ्घर्षरत् रहने चाहनामा हिंसामा विश्वास राख्नु सरासर गलत थियो । यसको आलोचना सर्वत्र हुनुपर्थ्यो । त्यो भयो पनि । तर मिडियामाथि आलोचनाको लागि भने ठाउँ उपलब्ध थिएन (हेर्नोस् यसै पुस्तकमा साह) । माघे विद्रोहपछि भने बिस्तारै मिडियामा सकारात्मक सुधार आएको सङ्केत देखिएका छन् । साथै विगत एक वर्षमा मधेसले प्रशस्तै ठाउँ पाउँदै आएको छ (हेर्नोस् थप सन्दर्भ सामग्री यसै पुस्तकमा) । मानवअधिकारको क्षेत्रमा समेत यस्ता वञ्चित समुदायका पीडाहरू पूर्ण रूपमा नसमेटिएकोले उनीहरूको लागि मानवअधिकार गर्वसाथ जीउन पाउने हक बनिरहेको छैन । त्यसैले माघे विद्रोहमा मिडिया र मानवअधिकारवादी संस्था पनि आफैले सिर्जना गरेको उदासीन मौनताको ठूलो शिकार भए । सम्पूर्ण रूपले लोकतन्त्र खोसिएको समूहहरूलाई आफ्नो क्षेत्रमा कस्तो ठाउँ दिँदै जाने भन्ने विषयमा सञ्चार/मानवअधिकारकर्मीसँग ज्ञान/सीपको अभाव भएकोले पनि यस्तो स्थिति उत्पन्न भएको हो ।[१४]

## विद्रोहलाई बुझ्ने प्रयास

सीके लालले विभिन्न सन्दर्भमा धेरै पटक भनेका छन्, "काठमाडौँमा बस्ने शासकहरूले तराईका स्रोत-साधनलाई वरदानको रूपमा र त्यहाँका बासिन्दालाई चाहिँ अभिशापको रूपमा लिने गर्दछन् ।" २००७ साल पूर्वको शाह-राणा कालमा वा पञ्चायत काल मात्र नभएर यो २००७-१७ को अवधि, वा २०४६ सालपछि, अनि २०६३ वैशाख उप्रान्त समेत यथार्थ बनिरह्यो । माघे विद्रोहमा त यो छर्लङ्ग भयो जब नेपाली भाषी सम्भ्रान्तहरूले मधेसीहरूको जायज असन्तोषभन्दा बढी 'साम्प्रदायिकता', 'घुसपैठ', 'दरबारिया-दक्षिणपन्थी षड्यन्त्र', 'भारतीय चलखेल' आदिका नाममा हेपिएका मधेसीहरूको अवाजलाई दबाउने

१४ मधेसमा कार्यरत धेरै पत्रकाहरू भन्छन्, नैराश्यको भूंग्रोमा मधेस जलिरहेको पछिल्लो एक वर्षमा काठमाडौँमा केन्द्रित ठूला प्रकाशन गृहहरूले सम्पादक-समाचार शाखा-न्यूज डेस्क र जिल्लाका संवाददाताबीच समाचारको प्रकार/स्वरूप, विषयवस्तु एवं प्रस्तुतिबारे औपचारिक रूपमा सरसल्लाह गरेको एउटा पनि उदाहरण छैन । न नयाँ पत्रकारलाई संस्थाले नियुक्त गर्दा नै कुनै निर्देशिका दिने गरेको छ । अनौपचारिक रूपमा जिल्लाका पत्रकारहरूको न्यूज डेस्कका सहकर्मीहरूसँग आफ्नै प्रकारको सम्बन्ध/संवाद एवं कुनै कुनै पत्रकारहरुको सम्पादकसँग मूलतः उनीहरूकै तत्परतामा संवाद हुने गरेको धेरै संवाददाताहरू बताउँछन् । साथै उनीहरूले निरन्तर समाचार पठाइरहे पनि आफूले पठाएअनुसार ती प्रकाशित नहुने गुनासो सबैको छ । यस्ता काँटछाँट हचुवाको भरमा हुने साथै प्रकाशन गृहहरूले कुनै निर्देशन उनीहरूलाई नदिएको गुनासो गर्ने पत्रकारहरू विराटनगरदेखि वीरगञ्जसम्म प्रशस्तै भेटिन्छन् ।

प्रयास निरन्तर गरे । माघ महिनामा मात्र ३० भन्दा बढी जीवनको आहुती,[१५] ८०० भन्दा बढी घाइते,[१६] आमरूपमा छाएको तीव्र आक्रोश एवं लामो समय अस्तव्यस्त रहेको जनजीवनपछि मात्र लोकतान्त्रिक भनिने सरकारले नागरिक हुन सङ्घर्षरत् मधेसीहरूको माग पूरा गर्न सहमत भयो । पाँच दिनको अन्तरालमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले जनाएको मौखिक सहमति (हेर्नोस् अनुसूची ३) ले एक वर्ष बितिसक्दा समेत मूर्त आकार ग्रहण नगरेको विवाद तीव्र रूपमा जारी छ। महन्थ ठाकुरले सरकार, संसद र नेपाली काँग्रेसबाट विद्रोह गरेर आफ्नो नेतृत्वमा २०६४ पुसमा तराई-मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) गठन गर्नु यही असन्तुष्टीको सशक्त दृष्टान्त हो ।

माघे विद्रोहभन्दा पहिलेका विद्रोहहरू गैरलोकतान्त्रिक व्यवस्थालाई विस्थापित गर्नलाई मात्र भएका थिए । नेपाली समाजमा लोकतान्त्रिक व्यवस्थाभित्र राज्य व्यवस्थालाई लोकतान्त्रिक बनाउन एवं नागरिकको हकअधिकारलाई सुनिश्चित गर्न यो तहको जनविद्रोह भएको पहिलो हो । त्यसैले लोकतान्त्रिक समाज निर्माण गर्ने सार्थक कार्यको थालनी यसले गऱ्यो । नागरिकले चाहे भने समाज र दललाई डोऱ्याउन सक्छन् भनेर २०६२/०६३ को जनआन्दोलनले देखाएको थियो । माघे जनविद्रोहले त्यही मार्गदर्शनलाई पछ्याएको मात्र हैन, प्रमाणित गरेको थियो (गौतम २०६३ख) । तर नेपाली समाज र राज्य व्यवस्थामा लोकतान्त्रिक परिपाटी र संस्कारको अभाव रहेकोले माघे विद्रोहपछि जटिल आयामहरू सिर्जना हुँदै गए । प्रारम्भदेखि नै मधेसीहरूको सङ्घर्षलाई व्याख्या गर्ने एवं सार्वजनिक रूपमा प्रस्तुत गर्ने सन्दर्भमा तीव्र मतभेद भएकोले पनि यस्तो हुन गयो ।

ठूला राजनीतिक दलहरूमध्ये मधेसी मुक्तिको लागि आधार निर्माण गरेको दाबी नेकपा (माओवादी) ले गर्दै आएको छ । माओवादीको दाबी सही रहे पनि मधेस आन्दोलनप्रति नेकपा (माओवादी) को रवैया आक्रामक नै रह्यो ।

---

[१५] मानवअधिकारवादी संस्थाहरूको तथ्याङ्कले २१ दिनको अवधिमा २७ जना मारिएको देखाउँछ । तथापि पछि केही घाइतेहरूले पनि जीवन गुमाए । २०६४ भदौमा सरकारसँग सम्झौता भए पछि मधेसी जनअधिकार फोरमले नेपाल सरकारलाई बुझाएको ३८ जनाको सूचीमा २९ जना माघमा मारिएको देखिन्छ (हेर्नोस् अनुसूची २) । नेपाल सरकारलाई ३८ जनाको सूची बुझाए पनि सार्वजनिक रूपमा मजफोका नेताहरू र मधेसी नेतृत्वले विद्रोहको क्रममा मारिनेहरूको सङ्ख्या ४०/४२ भएको दाबी गरेका छन् । पुलिसहरूको गोलीबाहेक यो अवधिमा मधेसीहरूबीचको आपसी भीडन्तमा पनि केहीले ज्यान गुमाएका थिए ।

[१६] ८०० मध्ये गम्भीर रूपमा घाइते भएकाहरू दुई सयभन्दा बढी छन् भनेर मधेसी नेताहरूले भनिरहे पनि क्षतिपूर्ति दिने सम्झौताअनुसार मजफोले नेपाल सरकारलाई बुझाएको नामावलीको सूचीमा १६७ जना छन् ।

माओवादीहरूको बुझाइमा पुसको नेपालगञ्ज दङ्गा प्रतिक्रान्तिको योजनाबद्ध सुरुआत थियो । माघसम्म आइपुग्दा माओवादीहरूले एकाकार गर्दै ल्याएको वर्गीय र जातीय/राष्ट्रिय मुक्तिलाई अलग्याउने प्रयास स्वरूप यसको प्रारम्भ गरिएको निष्कर्षमा उनीहरू पुगे । यसलाई प्रस्टचाउँदै बाबुराम भट्टराई लेख्छन्,

> (मधेसमा केन्द्रित) ...अशान्ति र अराजकतापूर्ण घटनाका दुइटा पाटा छन् । एउटा मधेसका मुक्तिकामी जनताको पूर्ण मुक्ति प्राप्त नभएसम्मको जायज असन्तुष्टि र त्यसका निम्ति सङ्घर्षको निरन्तरताको पाटो र अर्को देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरूले जनताको त्यो असन्तुष्टिबाट फाइदा उठाएर समग्र वर्गीय र जातीय मुक्ति आन्दोलनलाई नै विभाजित गर्ने र अन्ततः विसर्जित गरिदिने षड्यन्त्रको गुरुयोजनाको पाटो (भट्टराई २०६४: २) ।

दोस्रो पाटोमा माओवादीहरूको बढी विश्वास थियो । यसलाई थप प्रस्टचाउँदै भट्टराई लेख्छन्,

> ...पछिल्लो पाटो 'मङ्सिर ५ गते बृहत् शान्ति-सम्झौता र पुस १ गतेको अन्तरिम संविधानको टुङ्गो लागे लगत्तै मधेसका ठूला जमिन्दार र दलाल पूँजीपतिहरूको पार्टी सद्भावना पार्टीलाई उचालेर 'मधेस बन्द' राख्ने र नेपालगञ्ज घटना घटाउने प्रक्रियाबाट यो षड्यन्त्र सुरु भएको सबैले बुझ्न जरुरी छ । त्यसलाई माओवादी पार्टी निकट मधेसी मुक्ति मोर्चाले जिम्मेवारीपूर्वक हल गर्ने प्रयत्न भएपछि केही साम्य भएको स्थिति माघ १ गते अन्तरिम संविधान जारी भएपछि नियोजित ढङ्गले उक्साएर माघ महिनाभर मधेसमा हिंसा र आतङ्क सिर्जना गर्न खोजिएको जगजाहेर छ । ...सुरुमा संसदवादी दलहरूले माओवादी विरुद्धको मात्र षड्यन्त्र ठानेर यसमा मजा मानिरहे, तर स्थिति क्रमशः सबै राजनीतिक दलहरूको विरुद्धमा र अन्ततः देशै टुक्रचाउने दिशामा अग्रसर हुँदैगयो । पटनामा भएको विभिन्न सशस्त्र गुटहरूको भेला र त्यसको प्रतिक्रान्तिकारी र राष्ट्रघाती चरित्रबारे हालै रामराजाप्रसाद सिंहले गरेको भण्डाफोरबाट मधेसी आन्दोलनको नाउँमा कति भयानक षड्यन्त्र भइरहेको छ सबैले बेलैमा बुझ्न जरुरी छ । दिनदिनै रहस्यमय ढङ्गले जन्मने विभिन्न नामधारी गुटहरूले जसरी मधेसी र पहाडीबीच विद्वेष सिर्जना गरेर मधेसी आन्दोलनलाई देशको समग्र वर्गीय, जातीय, क्षेत्रीय, लिङ्गीय मुक्ति आन्दोलनबाट कटाउने र अन्ततः देशलाई नै टुक्र्चाउने खतरनाक योजना कार्यान्वयन गरिरहेछन् त्यसलाई मधेस र पहाडका सबै मुक्तिकामी र देशभक्त राजनीतिक शक्ति र आम जनसमुदायले एकताबद्ध ढङ्गले प्रतिवाद गर्नैपर्दछ (भट्टराई २०६४: ४-५) ।

यसै पुस्तकमा समावेश नेपालगञ्ज दङ्गासम्बन्धी शालिकराम सापकोटा र सीपी सिंहको लेखको आधारमा समेत प्रारम्भमा माओवादीहरूले गरेको आशङ्का धेरै हदसम्म सही देखिन्छ । तर यसैलाई माओवादीले स्थापित गर्न खोजेकोले नै माघ महिनाभरि लहान, पर्सा, भैरहवा, नेपालगञ्जलगायत विभिन्न ठाउँमा माओवादी

र मजफोबीचको विवाद हिंसामा परिणत भयो । अन्ततः गौर नरसंहारमा गएर मात्र यसले एक चरणको विश्राम लियो । माओवादीको आशङ्कामा केही सत्यता भए पनि उनीहरूको कार्यशैली एवं 'अपराधी तत्त्व', 'भगौडा', 'गद्दार', जस्ता अभिव्यक्ति प्रत्युत्पादक सावित भए । 'दरबारिया-दक्षिणपन्थी' घुसपैठलाई आधार बनाएर मधेसी जनअधिकार फोरमबाट मघेसी विद्यार्थी फ्रन्टका तत्कालीन अध्यक्ष केशवकुमार झासहित केही युवाहरू अलग्गिएका थिए । झाको भनाइ थियो,

> २०६२-०६३ को ऐतिहासिक जनआन्दोलन सफल भएपछि फोरमका अध्यक्ष उपेन्द्र यादव भारतबाट नेपाल आए । त्यसपछि उनका गतिविधिमा एकदमै परिवर्तन आयो । जस्तो - दरबारियासँगको साँठगाँठ, भारतका हिन्दू अतिवादीसँगको साँठगाँठ, सङ्गठनमा सामूहिक नेतृत्वको विकास गर्न नसक्नु, हैकमवादी प्रवृत्ति अपनाउनु, प्रजातान्त्रिक सोच नै नभएको र उनले सम्पूर्ण मधेशीको समानताको सवाल उठिरहेको बेला एउटै जातलाई मात्रै अगाडि बढाउन खोजे । त्यतिमात्रै नभएर हिन्दीलाई राष्ट्रभाषा बनाउनुपर्छ भनेर वकालत गर्न थाले । २०६३ पुस १४-१५ मा हाम्रो विद्यार्थी फ्रन्टको केन्द्रीय समितिको काठमाडौँ गौशालामा बैठक चलिरहेको बेला भाडाको गुन्डाहरू र अहिलेका हतियारधारी अपराधी र सङ्गठन प्रयोग गरेर हाम्रा केन्द्रीय समितिका चारजनाको ज्यान लिने कोसिस गरियो । त्यसक्रममा हामीमाथि आक्रमण भयो तर संयोगवश हामी भाग्न सफल भयौँ । त्यसैगरी माघ महिनामा अन्तरिम संविधान जलाउन दरबारियाको आड लिए । ...उनीहरूको एउटै उद्देश्य थियो - संविधानसभाको निर्वाचन बिथोल्ने र दरबारियालाई बल पुऱ्याउने । मधेशी जनताका इच्छा र आकाङ्क्षा विपरीत उनीहरूका गतिविधि बढ्न थाले (केशवकुमार झा २०६३) ।

लामो समयसम्म चलेको आन्तरिक अन्तरद्वन्द्व र विमति पश्चात् केशवकुमार झाहरू २०६३ चैतमा मात्र मजफोसँग अलग्गिए पनि विद्रोहताकाकै एउटा लेखमा नेपाल पत्रकार महासङ्घ सप्तरी शाखाका जिल्ला अध्यक्ष शम्भु झा लेख्छन्,

> राजाको शासनकालमा उपप्रधानमन्त्री भएका व्यक्तिको मधेशी पार्टी अहिले दिनहुँ मधेशको हकहितका नाउँमा जुलुस निकालिरहेको छ । नेपाल सद्भावना पार्टीले राजविराजमा आमसभा गर्दा प्रतिगामीहरूलाई बोल्न पनि नदिने भनेर आठ विद्यार्थी सङ्गठनका विद्यार्थीहरूले दुई साता अगाडि अध्यक्ष लक्ष्मणलाल कर्णसहित दुई दर्जन नेता तथा कार्यकताहरूलाई घाइते बनाएका थिए । अहिले तिनै कर्णका कार्यकताहरू मधेश आन्दोलनका सहयोगी बनिरहेका छन् ।
>
> माघ ९ गते सप्तरी जिल्लास्थित धरमपुर गाविसको आदर्श टोलमा पहाडे समुदायका घरमा तोडफोड गर्ने र आगो लगाउने समूहको नेतृत्व एकजना पहाडे समुदायका व्यक्तिले नै गरेका थिए । जसलाई स्थानीय इलाका प्रहरी कार्यालय कञ्चनपुरले

> पक्राउ गरी कारबाही अगाडि बढाएको छ । ती व्यक्ति राजाको शासनकालमा सक्रिय थिए । राजाकै शासनकालमा 'एकता परिषद्' मा सक्रिय भएर लागेकाहरूले त्यस राति कञ्चनपुर बजारको बेरियर चोकमा पहाडे समुदायका व्यक्तिद्वारा सञ्चालित पसलहरूमा तोडफोड गर्नुका साथै विद्युत प्राधिकरणका कर्मचारीहरूलाई समेत कुटेर घाइते तुल्याए (शम्भु झा २०६३) ।

सप्तरीमा जस्तै सुनसरीमा पनि घुसपैठ व्यापक रह्यो । ओमआस्था राई लेख्छन्,

> ...मधेसी आन्दोलनकारीलाई उत्तेजित पार्न संदिग्ध व्यक्तिहरूको भूमिका देखिएको छ । माघ १७ गते राति सुनसरी काँग्रेसको कार्यालयमा भएको आगजनीको जिम्मा लिन मधेसी जनअधिकार फोरमले अस्वीकार गऱ्यो । कसले लगायो त आगो ? सुनसरी काँग्रेसका सभापति रामबहादुर बस्नेत पूर्व गृहमन्त्री दिलबहादुर श्रेष्ठले आगो लाएको दाबी गर्छन् । पञ्चायतकालका गृहमन्त्री श्रेष्ठ इनरुवा निवासी हुन् (राई २०६३) ।

प्रारम्भिक दिनहरूमा माओवादीको अनुमान सही भए पनि त्यसैलाई मात्र आधार बनाएर मधेसको सङ्घर्षलाई केवल 'प्रतिक्रान्तिको योजनाबद्ध' सुरुआतको रूपमा जसरी स्थापित गर्न खोजे, जसरी लहानमा गल्ती गरे (हेर्नोस् यसै पुस्तकमा रामरिझन यादव) र सैन्य बल परिचान गरेर विद्रोहलाई साम्य पार्ने जुन सोच राखे (प्रचण्ड २०६४) त्यसले नकारात्मक भूमिका बढी खेल्यो । साथै पूर्वी तथा मध्य मधेसमा सिडि पनि माओवादीले नै बढी वितरण गरेको थियो, जुन उनीहरूको लागि प्रत्युत्पादक प्रमाणित भयो ।

माघे विद्रोहलाई आफ्नो पक्षमा प्रयोग गर्ने अन्य प्रयासहरू नभएका भने होइनन् । यो विद्रोहलाई जनतान्त्रिक तराई मुक्ति मोर्चाले गाउँबाट पुलिस चौकीहरूलाई विस्थापित गर्ने अवसरको रूपमा प्रयोग गरेको प्रमाण अघि सार्दै ओमआस्था राई लेख्छन्,

> आन्दोलनकर्ता भनिएको मधेसी जनअधिकार फोरमका जिल्ला अध्यक्षले रोक्दारोक्दै प्रदर्शनकारीहरू कसको उक्साहटमा र केका लागि ज्यानको माया मारेर प्रहरीमाथि जाइलागे ? इनरुवा घटनापछि तीन सातादेखि पूर्वी-मध्य तराईमा जारी मधेसी आन्दोलन कसको पकडमा छ भन्ने प्रश्न झन् टड्कारो बनेको छ ।
>
> प्रहरी निरीक्षक बस्नेतका अनुसारमा इनरुवामा भएको झडपमा प्रदर्शनकारीबाट गोली र तरबार पनि चलेको थियो । फोरमले शान्तिपूर्ण भन्दाभन्दै हतियारको प्रयोग हुनुले पनि यो आन्दोलन उसको पकडमा नरहेको प्रस्ट पार्छ । यसले सरकारले दाबी गरेको र अरूले पनि एक हदसम्म समर्थन जनाएको 'घुसपैठ' लाई प्रमाणित गर्छ । ...विभिन्न घटनाले यस्ता अराजक गतिविधिका पछाडि स्पष्टसँग दुईवटा तत्त्वको चलखेल देखाउँछ । पहिलो जनतान्त्रिक तराई मुक्तिमार्चा र अर्को राजतन्त्र पक्षधरहरू (राई २०६३) ।

माघे विद्रोह पूर्व गोइत र ज्वाला सिंह समूहले कुनै प्रहरी चौकीमा आक्रमण गर्न नसकेको सन्दर्भ बताउँदै राई थप्छन्,

> ...मधेसमा जारी आन्दोलनको फाइदा उठाउँदै मोर्चाको ज्वाला सिंह समूहले एक साताभित्रै तीन प्रहरी चौकीमाथि आक्रमण गरेको छ । गत माघ १७ गते आन्दोलनकारीको रूपमा आएका मोर्चाका कार्यकर्ताले मोरङको दक्षिणी भेगमा रहेको बुधनगर प्रहरी चौकीमा आक्रमण गरे । उनीहरूले प्रहरी नायब निरीक्षक नरेशजङ्ग कार्कीलाई समातेर अलि पर लगी धनुषकाँडले हानेर मारे । ...त्यसैगरी मोर्चाका सशस्त्र कार्यकर्ताले माघ २० गते सप्तरीको पत्थरगढा र माघ २२ गते सिरहाको लब्धिगनिया प्रहरीचौकी कब्जा गरे । सप्तरी र सिरहामा प्रहरीले प्रतिकार नगरेकोले मानवीय क्षति भएन (राई २०६३) ।

प्रतिक्रान्तिबाट सशङ्कित माओवादीमा छाएको हतास मानसिकताकै परिणति बुझाइमा मात्र नभएर व्यवहारमा पनि गरीब मधेसीहरूको आकाङ्क्षालाई ठम्याउनबाट माओवादीहरू नराम्रोसँग चुके । यदि उनीहरूले सही ठम्याउन सकेको भए माघे विद्रोहमा होमिएका लाखौँ गरीब मधेसीहरूको आडमा यो विद्रोहलाई वर्गीय सङ्घर्षतर्फ मोड्ने अवसर उनीहरूलाई प्राप्त हुने थियो । वर्गीय मुक्तिको चर्का कुरा गरे पनि गरीब मधेसीको पक्षमा उनीहरू देखिएनन् । प्रपञ्च लडाइँ नै उनीहरुलाई पनि प्रिय थियो । धेरैको अनुमानमा यो आन्दोलन पनि,

> ...अरू धेरै आन्दोलनजस्तै स्वभावतः राजनीतिक सत्ता र शक्ति बाँडफाँटसँग गाँसिएको छ । यसले राजनीतिक प्रतिनिधित्वलाई वा राजनीतिक हैसियत प्राप्तिलाई एकमात्र मुद्दा बनाएको छ । यसले तराईका यावत् सामाजिक र आर्थिक मुद्दासँग सरोकार राख्दैन र त्यसखाले रूपान्तरणको पक्षमा पनि छैन । परम्परागत रूपमा वर्चश्व जमाएर बसेका मूलतः तराईका जमिन्दारहरूको राजनीतिक हैसियत प्राप्त गर्ने आन्दोलन हो यो । ...सामाजिक-आर्थिक रूपान्तरणको बहसले ठाउँसमेत नपाउने 'एक मधेस एक प्रदेश' को आन्दोलनबाट नेपाली तराईका बहुल पहिचानका बाहकहरूलाई त्यति सजिलै एकमात्र मधेसी पहिचानमा रूपान्तरित गर्न सम्भव छैन (ढकाल २०६४) ।

थप विश्वस्त हुँदै सुरेश ढकाल लेख्छन्,

> ...पश्चिम तराईमा मुक्त कमैया र गरीब थारूहरूको आन्दोलन अनि पूर्वी तराईमा भूमिहीन र तराई दलितहरूको आन्दोलनमात्र त्यस्ता आन्दोलन हुनेछन् जसले सही रूपमा सामाजिक-आर्थिक रूपान्तरणको मुद्दालाई नेतृत्व दिनेछन् र त्यस्तो रूपान्तरण सम्भव बनाउने छन् (ढकाल २०६४) ।

ढकालको विश्वासलाई माग्नस हाट्लेबाकको अध्ययनले पनि पुष्टि गर्छ। हाट्लेबाकको तर्क छ, माघे विद्रोह केवल राजनीतिक हक दाबीको लागि भयो र यसले सामाजिक-आर्थिक सवालहरूलाई समेट्न सकेन (Hatlebakk 2007)। हाट्लेबाकको तर्कसँग सीके लाल, रामरिझन यादवको पनि सहमति छ (Lal 2007; यादव २०६४ख)। तर विद्रोहका सहभागीहरूको आवाज चौतर्फी हिसाबले दबिएको अनि पत्रपत्रिका र काठमाडौँको मिडियामा केवल पहुँचवाला राजनीतिकर्मीहरूले बढी स्थान पाएकोले समेत राजनीतिक बाँडफाँटको रूपमा मात्र मधेस आन्दोलनलाई हेर्नेहरूको बुझाइले अन्य पक्षलाई ओझेलमा पारेको छ। यो सतही बहसमा माघे विद्रोहको समयमा मारिनेहरू अधिकांश गरीब मधेसी रहेको वास्तविकता समेत ओझेलमा परेको छ। रामरिझन यादव लेख्छन्,

> विद्रोहमा तीन दर्जन सहिद भए। तीमध्ये कोही पनि जमिन्दार थिएनन्। यतिमात्र होइन, त्यसमा कथित उच्चजातका मानिसहरूको सङ्ख्या पनि न्यून थियो। र अधिकांश दलित, आदिवासी, मुसलमान तथा पछाडि पारिएका जातका जनताले सो विद्रोहमा ज्यान गुमाए (यादव २०६४ख)।

सीके लालको बुझाइमा पनि 'जातीय परिचयको सबभन्दा चर्को आवाज जहिले पनि औपनिवेशिक संरचनाभित्र काम गरिसकेको निम्नमध्यम वर्गीय र शिक्षित कामदारले नै उठाउने गर्छन्' जो सामाजिक-आर्थिक परिवर्तनको पक्षमा देखिन्छन् (लाल २०६३ख)। तर विडम्बना यी आवाजहरू सुनिने एवं अभिव्यक्त हुने माध्यमहरूको अभाव छ। र वर्गीय मुक्तिको वकालत गर्ने राजनीतिक दलहरू पनि आफ्नै दृष्टिकोण एवं पूर्वानुमानका शिकार बनेका छन्। त्यसैले त सिरहा/सप्तरीका दलित एवं गरीब मधेसीहरू भन्छन्, "हामी त जमीनमाथिको हक, गाँस-बासको व्यवस्था, शिक्षामा सहज पहुँच र रोगजारीकै माग लिएर माघमा गएका थियौँ। तर न नेताहरूले हाम्रो कुरा सुने न पत्रकारले नै सुन्यो। हाम्रो अवस्था त उस्तै रह्यो, हजुर"।[१७]

सामाजिक जटिलतासँग गाँसिएका धेरै पक्ष छन् जसले मधेसीहरूको यक्ष सवालहरूलाई ओझेल पारेको छ। सिरहाकी दलित अधिकारवादी रामरती रामको माघे विद्रोहमाथिको विश्लेषण गहन र सूक्ष्म प्रतीत हुन्छ। उनी भन्छिन्,

---

[१७] २०६४ मङ्सिरमा गरेको कुराकानीमा आधारित।

> दलित महिलाको लागि मधेस आन्दोलनमा धेरै तगाराहरू रहे । पहिलो त महिला भएकोले हाम्रा समस्याहरू आफ्नै सहकर्मी दलित पुरुषहरूले बुझ्न चाहेका छैनन् । न त उच्च घरानाका मधेसी महिलाहरूले दलित महिलाको कुरा सुन्न चाहेका छन् । आन्दोलनको समयमा त अझै ती घरका छतहरूबाट हामीलाई गिज्याउँथे । तिनीहरूलाई के थाहा हाम्रो गाँस, बासको लागि समेत राजनीतिक सङ्घर्षबाहेक अन्य विकल्पहरू बन्द छन् भनेर । त्यस्तै जमिन्दार मधेसीहरूलाई त महिला होस् वा पुरुष दलित, त्यसमा पनि भूमिहीनहरूले उठाएको कुरा सुन्नु छैन । हाम्रो न्यायोचित सुनुवाइले उनीहरूले स्थानीय तहमा गर्दै आएको येशोआराममा घाटा पुग्छ । त्यस्तै यी कसैलाई पनि नगन्ने पहाडीहरूले दलित महिलाको कुरा सुन्ने सम्भावना नै छैन । त्यसैले दलित पुरुषहरू, मधेसीहरूकै उच्च महिला/पुरुष, स्थानीय पहाडीहरूलाई छिचोल्न सकियो भने मात्र काठमाडौँसम्म हाम्रो कुरा पुग्छ । त्यहाँ कुरा पुगेर मात्र हुँदैन, मधेसी हुनुको पीडा त छँदैछ जहाँ शङ्काको घेरा विद्यमान छ । त्यसैले काठमाडौँका शासकहरूसँग उच्च स्वरमा बोल्नु पर्ने र सङ्घर्ष गर्नुपर्ने बाध्यता छ, जुन त्यति सहज छैन । यो हेपाइ हामीले महसुस गरिरहे पनि सङ्घर्ष गर्ने जुक्ति/सीप दलित महिलासँग छैन, केवल २०६२/०६३ को जनआन्दोलन र मधेस विद्रोहले दिएको हौसला छ ।[१८]

रामरती रामको यो भनाइले देखाउँछ स्रोतमाथिको आधिपत्य एवं पुरुष प्रधान संरचना र जातीय श्रेष्ठताको आधारमा मूतलः पहाडीहरूले र यिनै आधारहरूलाई साथ दिएका मधेसीहरूले वर्चश्व स्थापित गरेका छन्– केन्द्रीय र स्थानीय दुवै तहमा । "मधेस विद्रोहले दलहरूलाई यथास्थितिको धङ्धडीबाट मुक्त पार्नसक्नु पर्छ, सबैखाले अधिनायकवादी आकाङ्क्षालाई ध्वस्त पार्न सक्नु पर्छ" भन्ने आग्रह माघताका धेरैको थियो । यही आग्रहलाई अघि सार्दै गगन थापाले मधेस र काठमाडौँका वर्चश्ववादीहरूबीच मेल हुनसक्ने सम्भावनालाई औँल्याउँदै लेखेका थिए,

> ...सत्ता सञ्चालकहरूले तत्कालको राहतको निम्ति बलेको आगोमा पानी हाल्नेछन् । मधेसले जितेको देखिनेछ, तर यो केवल भ्रम मात्र हुनेछ । यथार्थमा मधेसभित्रको सानो अभिजात्य समूहले मधेसको नाममा हाल भइरहेको सत्ता बाँडफाँटमा दह्रो भाग पाउनेछ । यसले सम्पूर्ण मधेसलाई उत्पीडनबाट उन्मुक्ति दिने होइन, मधेसभित्रको सामन्ती सामाजिक अन्तरसम्बन्धलाई थप मजबुत बनाउनेछ, मधेसभित्रको जातीय, लैङ्गिक र वर्गीय विभेदलाई घनीभूत बनाउने छ अनि सामाजिक न्यायको आर्थिक

---

[१८] २०६४ वैशाखमा रामरती रामसँग गरेको कुराकानीमा आधारित । मधेसको राजनीतिक विषयमा मार्टिन चौतारीले अयोजना गरेको छलफलमा वैशाख २९ गते लहानमा र असार २२ गते काठमाडौँमा उनले यस्तै आशयको वक्तव्य पनि दिएकी थिइन् । 'आन्दोलनमा महिला', र 'महिला आन्दोलन' दुई पृथक् विषय हो । यो कुरा रामरती रामलाई पनि थाहा छ । तर मधेस आन्दोलनले मधेसी महिलाको पनि मुक्ति दिने विश्वासमा 'महिला' केन्द्रित एवं मधेसको समग्र राजनीतिक सवाललाई उनीहरूले उठाइरहे पनि ती आवाजहरूको न्यायोचित सुनुवाई नभएको तर्क उनीलगायत अन्य महिलाको समेत छ ।

> अवसरमा समानता, भूमिसुधार, लैङ्गिक समानताका सङ्घर्षलाई कुण्ठित पार्नेछ (थापा २०६३) ।

रामरती रामले जस्तै मधेसी महिलाहरूले सबै जटिलतालाई छिचोलेर माघमा सडकमा आए पनि न ती महिलाहरूको न गरीब पुरुषहरूको मागलाई नै कसैले सुन्यो । उनीहरूको आकाङ्क्षा पुनः त्यही अवस्थामा पुग्यो जहाँबाट प्रारम्भ भएको थियो । अन्य धेरै पक्षको अलावा माघे विद्रोहको बहस माघमा र त्यसपछि धेरै हिसाबले द्वेष, शत्रुता, हिंसा, आशङ्का आदि सवालहरूमा केन्द्रित रहनुले पनि यो विषयान्तर हुन पुग्यो ।

यस पुस्तकमा विजयप्रसाद मिश्रले भने जस्तै माघे विद्रोहभन्दा धेरै पहिले देखि जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत र ज्वाला सिंह दुबै समूह), मधेसी जनअधिकार फोरमलगायत अन्य केही समूहसँग नेकपा (माओवादी) को शत्रुता सघन विद्वेषमा परिणत भइसकेको थियो । त्यसैले नेपालगञ्ज दङ्गादेखि नै माओवादीले 'दरबारिया-दक्षिणपन्थी' प्रतिक्रान्ति मात्र देखेको थियो । प्रारम्भमा आन्दोलन घोषणा गर्दा मजफो पनि सानो समूह थियो । धेरै जिल्लामा मधेसी जनअधिकार फोरमका स्थानीय नेताहरूका अनुसार,

> माघको प्रारम्भिक दिनहरूमा सडकमा कसलाई बोलाउने, मधेसी जनअधिकार फोरमको नाममा कसरी आन्दोलन गर्ने ? कस्तो आन्दोलन गर्ने ? आदि विषयमा अन्योल थियो । एक्कासी आन्दोलन विस्तार भयो र यसलाई कसरी सम्हाल्ने हामी अन्योलमा थियौं । केही जिल्लाहरूमा ४/५ जना नेता र २०/२५ जना कार्यकर्ता थिए भने कतिपय जिल्लामा हाम्रा मान्छे पनि थिएनन् ।[१९]

२०६३ पुसमा 'मधेस बन्द' को आह्वान गर्दा नेपाल सद्भावना पार्टीले पाएको समर्थनबाट जसरी सद्भावनाका नेताहरू चकित थिए (ICG 2007), माघ महिनामा त्योभन्दा ठूलो आश्चर्यमा मधेसी जनअधिकार फोरमका नेताहरू परे । उनीहरू मात्र हैन मधेसको विस्फोटले नेपालभित्र र बाहिर सम्पूर्णलाई चकित तुल्यायो । जसरी विद्रोहको आँकलन गर्न नसकेको नेपाली काँग्रेस, नेकपा (एमाले) ले लहानमा नेकपा (माओवादी) ले गरेको त्रुटिलाई आफ्नो पक्षमा उपयोग गर्ने लघु राजनीतिक खेलहरूमा फसे (वृषेशचन्द्र लाल २०६३) त्यसरी

---

[१९] २०६४ वैशाखमा विराटनगर, लहान, वीरगञ्ज र नेपालगञ्जमा साथै २०६४ मङ्सिरमा सिरहा/सप्तरीमा मधेसी जनअधिकार फोरमका नेताहरूसँग गरेको कुराकानीमा आधारित ।

नै प्रारम्भिक दिनहरूमा मजफोले पनि मधेस आन्दोलनलाई नेकपा (माओवादी) विरुद्ध उपयोग गऱ्यो (गुप्ता २०६३; चन्द्रकिशोर २०६३; माअसअसस २०६३)। अन्य सशस्त्र समूहसँग पनि बिस्तारै तनावपूर्ण सम्बन्ध बन्दै गयो (यादव २०६४)।

प्रारम्भमा आन्दोलनलाई कम आँकलन गर्नु एउटा पक्ष भए पनि पछिल्ला दिनहरूमा सबैभन्दा बढी वैधानिकता पाएको मजफोले नै मधेस विद्रोहको अवमूल्यन गर्नु मधेसीहरूको दुर्भाग्य बन्यो। अर्कोतर्फ मधेसी मुक्तिको लागि सशस्त्र सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउँदै आएको गोइत, ज्वाला सिंहलगायत अन्य नेतृत्वहरूले पनि मधेसीहरूको त्याग, बलिदान एवं दुःख-कष्टलाई बुझ्न नसकेको दृष्टान्त माघे विद्रोह पछिको एक वर्षले दियो (पाठक २०६४; झा २०६४)। त्यसैले विद्रोह पछिको अवधिमा ठूलो अलमल देखियो।

## विद्रोहपछिको अलमल

सात पार्टी र नेकपा (माओवादी) गठबन्धनलाई पछिल्लो जनआन्दोलनले ऐतिहासिक मौका प्रदान गरेजस्तै मधेसी विद्रोहले मूलतः मधेसी नेतृत्वलाई अकल्पित अवसर दिएको कुरामा दुईमत छैन। पूर्वी तथा मध्य तराईमा माघको जाडोमा चप्पल, कच्छाड र धोती, कुममा एकसरो लुगा भिरेर सडकमा ओर्लिएका गरीब मधेसीहरूले प्रदर्शन गरेको सुझबुझ एवं आकाङ्क्षाप्रतिको तीव्र चाहनाले घुसपैठचाहरूको उक्साहटलाई चिर्दै यस्तो अवस्था निर्माण गरेको थियो। यद्यपि काठमाडौँमा बसेर मधेसमा आन्दोलन गरेको दाबी गरिरहने मजफोका नेतृत्व वा सात दलका मधेसी नेताहरू तथा मूलतः मधेसमा केन्द्रित रहेर 'मधेसी मुक्ति' को दुहाइ दिने सशस्त्र समूहहरूले यो वास्तविकतालाई आत्मसात् गरेनन्। सानो आपसी विमतिकै कारण नयाँ समूह निर्माण गरिहाल्ने प्रवृत्ति सशस्त्र समूहहरू एवं शान्तिपूर्ण आन्दोलन गर्ने दलहरूमा निरन्तर छाइरह्यो। 'नागरिक' बन्न सङ्घर्षरत् मधेसीहरूका लागि यी अभ्यासहरू सुखद यथार्थ रहेनन्।

मधेसी सङ्घर्षको ऐतिहासिक आधारदेखि २०६४ माघसम्म आइपुग्दा नेपाली राजनीतिको थोक चरित्र जस्तै मधेसी आन्दोलनमा पनि तात्विक परिवर्तन भएको पाइन्न। २०६४ मङ्सिरमा आएर महन्थ ठाकुर, महेन्द्र राय लगायत नेपाली काँग्रेस र नेकपा (एमाले) का नेताहरूले तराई-मधेस लोकतान्त्रिक पार्टी खोल्ने स्थिति उत्पन्न हुनु यसको ज्वलन्त उदाहरण हो। मूलतः माघे विद्रोहपछि मधेसी राजनीतिमा हाबी आर्थिक-राजनीतिक परिवर्तनको धारलाई पन्छाएर मधेसी नेतृत्वले शक्ति सन्तुलनको राजनीतिलाई प्राथमिकता दिए भने राज्यले केवल दलगत स्वार्थ, चुनावी तालमेल एवं शान्ति सुरक्षाको दृष्टिले यसलाई उपयोग गर्न चाह्यो। त्यसैले

माघे विद्रोहको करिब एक वर्षपछि समेत मधेसी नागरिकहरूको परिवर्तनकामी अभिलाषा खेलवाडको विषय बनिरहेको छ । २०६२/०६३ को बृहत् जनआन्दोलनपछि नेपाली राजनीतिमै हाबी परिवर्तन विरोधी चरित्र मधेसका हतियारधारी समूहहरूमा मात्र होइन मधेसी जनअधिकार फोरम, नेपाल सद्भावना पार्टी, नेपाली काँग्रेस, एमाले र माओवादीका अधिकांश मधेसी नेताहरूमा छाएको पाइन्छ ।

काठमाडौँमा होस् वा अन्य सहरहरूमा, सर्वसाधारण मधेसीको एक सूत्रीय राजनीतिक चाहना शक्ति सञ्चयको लागि मधेसी सङ्गठनहरूबीच एकीकृत प्रयास भन्ने थियो । यो अद्यापि छ । तथापि आन्दोलनपछि महिनौँसम्म यसतर्फ मधेसी नेताहरूले खासै केही पहल गरेनन् ।[२०] बरु फुटको राजनीति उनीहरूमा झन् हाबी रह्यो । मधेसमा धेरै हिसाबले बहुरूपी समूहहरू जन्मिने क्रम पनि तीव्र रह्यो । लाखौँको जुझारूपनले मधेसी सवाललाई नेपाली राजनीतिको केन्द्रमा स्थापित गराएको वास्तविकता मधेसी नेताहरूले धेरै छिटो बिर्सिए । मधेसको सवाललाई नेपाली राजनीतिको केन्द्रमा राखिरहने मात्र हैन यसलाई सार्थक रूपमा समायोजन गर्ने सुनौलो ऐतिहासिक अवसर मधेसीहरूले उपेन्द्र यादव र मजफोलाई दिएका थिए । आममधेसीले मजफोलाई लामो समयदेखि खोजिरहेको सम्भावित संस्थाको रूपमा ठम्याएको थियो । तर मजफो आफैले आफूलाई चिन्न नसकेका सङ्केतहरू प्रशस्तै देखिए ।

माघको विद्रोहपछि सर्वप्रथम त उपेन्द्र यादवले वार्ता गर्ने सामर्थ्य राख्नेनन् । आधिकारिक रूपमा मधेस विद्रोहलाई संस्थागत गर्दै लाने सुनौलो राजनीतिक अवसरलाई उनले चिन्न सकेनन् । त्यसैले काठमाडौँले चाहेअनुरूप उपेन्द्र यादवले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र तत्कालीन सरकारी वार्ता टोलीका संयोजक महन्थ ठाकुरलाई बेग्लाबेग्लै दुई-तीन पटक गोप्य रूपमा भेटे, तर ती भेटहरूलाई औपचारिक वार्तामा परिणत गर्न सकेनन् । सत्तामा आइहाल्ने लालसामा खासगरी नेपाली काँग्रेसको एउटा खेमासँग मिलेर लगभग असफल भइसकेका गृहमन्त्री कृष्णप्रसाद सिटौलाको एकतर्फी विरोध गर्नु वार्तामा नआउनको लागि अर्को ठूलो भूल रह्यो ।[२१]

---

[२०] २०६४ माघमा आएर बल्ल तराई-मधेस लोकतान्त्रिक पार्टी, मधेसी जनअधिकार फोरम र नेपाल सद्भावना पार्टीबीच २४ बुँदे सहमति भएको छ । साथै मधेसी लोकतान्त्रिक मोर्चा गठन गर्ने सहमति भएको छ ।

[२१] राज्य पक्षबाट मधेसमा भएको हत्याको नैतिक जिम्मेवारी लिँदै हत्याको शृङ्खला बन्द गर्ने एवं शान्ति सुरक्षा कायम गर्नेतर्फ गृहमन्त्री कृष्णप्रसाद सिटौलाले पहल गर्न सक्नु पर्थ्यो । अन्यथा यी कार्यहरू गर्न नसकेको आधारमा गृहमन्त्रीबाट सिटौलाले राजिनामा दिनुपर्छ भन्ने माग पूर्ण रूपमा सही थियो । तर यो माग वार्ताको लागि जसरी एकसूत्रीय अडान बन्यो, त्यो मधेसी राजनीतिको लागि घातक सिद्ध भयो ।

यसबेला वार्ता हुन नदिन देशी-विदेशी शक्तिहरूले खुब प्रयत्न गरेका थिए, जसलाई मजफोको केन्द्रीय नेतृत्वले सहजै स्वीकाऱ्यो। परिणाम विद्रोहको साख कमजोर बन्दै गयो। यस्तो गर्नुका पछाडि सत्ताको आकर्षण र माओवादीलाई कमजोर बनाउने राष्ट्रिय/अन्तर्राष्ट्रिय स्वार्थ त थिए नै, आर्थिक स्वार्थहरू समेत सलबलाएका थिए। यही राष्ट्रिय/अन्तर्राष्ट्रिय स्वार्थको एउटा उत्कर्ष गौर नरसंहार बन्न गयो जसले मजफोको राजनीतिक साखलाई धेरै पछि धकेल्यो। माओवादी पनि आम मधेसीहरूको हितभन्दा बढी राजनीतिक अहङ्कार र अन्य शक्तिसँग भिडन्तको मुडमा रह्यो। यसले मधेसीहरूसँग माओवादीको सम्बन्ध झन् चिस्यायो।

अर्कोतर्फ 'मधेसी एकता' को नाममा राजावादीहरूलाई पञ्चखत माफी दिने अभियानमा फोरम जुट्यो। मूलतः माओवादीसँगको डर र क्षणिक आर्थिक फाइदालाई देखेर फोरम राजावादीहरूसँग गर्धन र नाइटो जोड्ने अभियानमा लाग्यो। यसले लोकतन्त्रप्रेमी मधेसीहरूको अपमान हुन्छ भन्ने हेक्का मजफोले राखेन। विद्रोहमार्फत् हासिल गरेको ऐतिहासिक अवसरलाई समयमा पर्गेल्न सकेन। यिनै गल्तीहरूकै कारण उपेन्द्र यादवलाई आज नेतृत्वको सङ्कट छ। परिणाम माघ पछिको तीन महिनामै मजफोको लोकप्रियता कम हुँदै गयो एवं अपेक्षा गरेअनुरूप सङ्गठन विस्तार गर्न सकेन। त्यसैले २०६४ जेठ-भदौमा आएर फोरमले सरकारसँग गरेको सहमति कमजोर हुन गयो। २०६४ जेठ १९ गते नेपाल सरकारसँग फोरमले गरेको वार्ताको पहिलो चरणको समझदारी निकै फितलो रह्यो। तर तत्कालीन समयमा लामो समयको अन्योल चिर्न सफल भएको साथै अर्को चरणमा अलि ठोस सम्झौता हुने विश्वासमा मधेसी अधिकारकर्मीहरूले त्यति आलोचना गरेनन्। चार महिनापछि नेपाल सरकार र मधेसी जनअधिकार फोरमबीच पुनः अर्को सहमति भयो। पहिलो र दोस्रो वार्ताबीचको समय लामो रह्यो। अनि दुई सहमतिबीच तात्विक रूपमा अन्तर पनि कम थियो। यो सहमतिलाई आलोचना गर्दै रामरिझन यादव लेख्छन्,

> ...२२ बुँदे सम्झौतालाई फोरमका अध्यक्ष उपेन्द्र यादवले ऐतिहासिक भन्नुभएको छ। ...तर २२ बुँदेमा त्यस्तो के नै ठूलो कुरा छ र (?) जसले गर्दा यसलाई वहाँले ऐतिहासिक भन्नपुग्नु भयो। नेपाल आदिवासी जनजाति महासङ्घसँग सरकारले गरेको सम्झौता र २२ बुँदेमा त्यस्तो खासै अन्तर छैन। ...मधेसी विद्रोहको सैद्धान्तिक तथा वैचारिक व्याख्या विश्लेषणको अभावमा गरिएको २२ बुँदे सम्झौता युगान्तकारी हुन सकेको छैन। यसलाई जतिसुकै ऐतिहासिक भने पनि यो सम्झौताले मधेस विद्रोहलाई अवमूल्यन गरेको छ। जेठ १९ गतेको जनकपुर समझदारी र चार महिनापश्चात् अहिले गरिएको सम्झौतामा कुनै तात्विक अन्तर नरहेकोले यस बीचमा व्यापक षड्यन्त्र भएको हुनुपर्छ (यादव २०६४क)।

मजफोले नेपाल सरकारसँग गरेको सम्झौताप्रति असहमति जनाउने लाममा अरू पनि धेरै थिए । मजफोमा भाग्यप्रसाद गुप्ता, किशोर विश्वासलगायत केन्द्रीय कमिटीका चार जनाले सम्झौताको चर्को विरोध मात्र गरेनन्, भाग्यप्रसाद गुप्ताको नेतृत्वमा मधेसी जनअधिकार फोरम (गुप्ता समूह) को गठन नै गरे । समानुपातिक निर्वाचन प्रणाली, सङ्घीय गणतन्त्र र स्वायत्तताको पक्षमा उपेन्द्र यादवले अडान नलिएको साथै उनीहरूको सहमति बेगर सरकारसँग सम्झौता गरेर यादवले 'गद्दारी' गरेको आरोप उनीहरूले लगाएका थिए । सशस्त्र सङ्घर्ष गरिरहेका जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत र ज्वाला सिंह समूह) पनि यो सम्झौता प्रति उदासीन रहे । अनि यस सम्झौताको १५ नम्बर बुँदामा 'माओवादीद्वारा कब्जा गरिएको घर, जग्गा र सम्पत्ति... फिर्ता गराउने कार्य तदारुकताका साथ अगाडि बढाउने' (हेर्नोस् अनुसूची ४) भनी लेखिएकोले यसमा माओवादीको चर्को आपत्ति रह्यो । माओवादी अध्यक्ष प्रचण्डले यसलाई माओवादी विरुद्ध गरिएको 'कुटिलपूर्ण षड्यन्त्र' को संज्ञा दिए । मजफो र नेकपा (माओवादी) बीचको आपसी शत्रुताले सरकारसँगको सम्झौतामा समेत औपचारिक ठाउँ बनाएकोले २०६४ भदौपछि पनि यिनीहरूको आपसी आक्रमण र द्वेष तीव्र रह्यो । अन्ततः यसले मजफोको फुटसम्म सम्बन्ध राख्यो ।

आ-आफ्नै स्वार्थ र अनुकुलता अनुसार सरकार-फोरम वार्तामा विदेशी हस्तक्षेपलाई व्याख्या गरिए पनि पुनः एक पटक अन्तर्राष्ट्रिय चलखेललाई न्यून गर्न भारतीय संलग्नता औंल्याउन सकिने आधारहरू देखा परे (साह २०६४क, २०६४ख; लाल २०६४क) ।[२२]

शान्ति मन्त्री रामचन्द्र पौडेलेको संयोजकत्वमा सरकारले आफ्नो तर्फबाट सजिलो सम्झौता गरेको भए पनि सहमतिमा कबोल गरेको कुरालाई तदारुकताका साथ अघि बढाएन । त्यसैले चार महिनापछि जब २०६४ पुसमा महन्थ ठाकुरको नेतृत्वमा तराई-मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) गठन गरियो मधेसी राजनीतिले नयाँ आयाम लियो । महन्थ ठाकुरले मन्त्री पद, सांसद र नेपाली काँग्रेसको सदस्यता एकै पटक त्याग गरेको साथै रामचन्द्र राय, महेन्द्रप्रसाद यादव, हृदयेश

---

[२२] २०६४ मङ्सिर ३ मा बीबीसी वर्ल्ड ट्रस्टको साझा सवाल कार्यक्रममा भारतले चाह्यो भने मधेसको समस्या तुरुन्तै हल हुने अभिव्यक्ति प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दिएका थिए । त्यस्तै भारतको २०६४ माघ १२ मा ५९ औं गणतन्त्र दिवसको अवसरमा आयोजित कार्यक्रमपछि नेपालका लागि भारतीय राजदूत शिवशंकर मुखर्जीले 'मधेसको समस्या नेपालको आन्तरिक समस्या' भन्दै नेपालले चाहेमा भारत सरकार सहयोग गर्न तयार रहेको सङ्केत दिएका थिए । यसबाट मात्रै पनि प्रस्ट हुन्छ, भारतलाई मधेसमा राम्रै चासो छ ।

त्रिपाठीले संसद र पार्टी तथा वृषेशचन्द्र लाल, रामचन्द्र कुशवाहा आदिले पनि पार्टीको सदस्यता त्यागेर नयाँ दल बनाए। त्यसैले मधेस आन्दोलनले नयाँ आयाम लिने सङ्केत देखिएको छ। साथै २०६४ पुस-माघमा आएर नेपाल सरकारले मजफोसँग गरेको सम्झौताअनुसार काम गरेको/नगरेको बीच तीव्र मतभेद उत्पन्न भएको छ (Koirala 2008)। एकातर्फ शान्तिपूर्ण आन्दोलन गरिरहेका मधेसीहरूसँग सरकारको मतभेद, दूरी र अविश्वास बढिरहेको छ भने अर्कोतर्फ लामो समयदेखि औपचारिक/अनौपचारिक रूपमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (र अन्य सशस्त्र समूह) सँग वार्ताको लागि केही प्रयासहरू भइरहे पनि त्यसले मूर्त रूप लिन सकेको अवस्था छैन (नयाँ पत्रिका २०६४; यज्ञश २०६४क, २०६४ख; ज्वाला सिंह २०६४)। संविधानसभा नजिकिँदै जाँदा झन्झन् सघन हुँदै गएको यो दूरी उपयोग गर्दै विदेशी एवं दक्षिणपन्थी-दरबारिया समूहले मधेसमा निर्वाचन हुन नदिने क्रिडास्थल बनाइरहेका आशङ्काहरू थप घनीभूत हुँदैछन् (लाल २०६४ख)।[२३] यसैले रामराजाप्रसाद सिंहले 'नयाँ युगको प्रसव वेदना' को संज्ञा दिएका छन् (रामराजाप्रसाद सिंह २०६४)।

माघे विद्रोहकै आधारमा नेपाल सरकारले अन्तरिम संविधान संशोधन पनि गऱ्यो। नेपाल संघात्मक व्यवस्थामा जाने वैधानिक स्वीकारोक्ति यसैको परिणाम थियो। संविधानसभाको निर्वाचन कानूनमा फेरबदल ल्याएर पछाडि पारिएका सबै समुदायलाई समेट्दै लैजाने प्रतिबद्धता पनि माघे विद्रोहकै देन थियो। कानुनी रूपमा यस्ता प्रावधानहरू लिपिबद्ध गर्न ठूला राजनीतिक दलहरू तयार भए पनि यसलाई व्यवहारमा लागू गर्न ठोस तयारी एवं मानसिक/वैचारिक उदारता नेपाल सरकार एवं ठूला राजनीतिक दलहरूमा देखिएको छैन। यसले मधेसमा राज्यको उपस्थिति अनुभूत गर्न समेत मधेसीहरूले सकेनन् (मिश्र २०६४)। स्थानीय निकायहरूमा आम मधेसीको विश्वास हट्दै जानु साथै मधेसका प्रमुख जिल्लाहरूमा सात सयभन्दा बढी गाविसहरू प्रतिनिधि/कर्मचारी विहीन हुनु यसको ज्वलन्त उदाहरण हुन्। यसले तीव्र रूपमा राज्यविहीनता तर्फ डोऱ्याउँदै छ।

## अन्त्यमा

माघे विद्रोहले नेतृत्वलाई अकल्पित मौका प्रदान गऱ्यो र मधेसीका सवाललाई जोडदारसाथ नेपाली राजनीतिको केन्द्रमा स्थापित गरायो। राष्ट्रिय र अन्तर्राष्ट्रिय

---

[२३] यो खण्डमा प्रस्तुत अधिकांश तर्क गौतम (२०६४क, २०६४ख) मा आधारित छ।

चासो निर्माण गर्न सफल रह्यो। यस्तो सफलताका बाबजुद समेत मधेसी नेतृत्वले हत्या, हिंसा र अपहरण जारी राखे। एकीकृत र सङ्गठित भएर अघि बढ्नुपर्ने समयमा क्षणिक राजनीतिक स्वार्थको लागि गुट/उप-गुट र प्रभावविहीन हतियारधारी समूहमा विभाजित भइरहे। यति सशक्तसँग चौतर्फी रूपमा राजनीतिक सवालहरू स्थापित भइसकेपछि पुराना हतियारधारी समूहले युद्ध विराम गर्नुपर्ने अवस्थामा नयाँनयाँ हिंसात्मक समूहको उत्पत्ति हुनु ठूलो मुर्खता भइरह्यो। नेपाली राजनीतिक इतिहासमा हिंसाको प्रयोग मूलतः आफ्ना राजनीतिक सवालहरूलाई राष्ट्रिय स्तरमा स्थापित गराउन भएका छन्। तर मधेसी नेताहरू उल्टो बाटो हिँडेकाले सार्थक राजनीतिक हस्तक्षेप गर्ने सम्भावना क्षीण बन्दै गयो। उल्टो यिनै क्रियाकलापका कारण मधेसीको नाममा खेल्न चाहने ठूला दलहरू र संविधानसभा विरोधी शक्तिलाई आधारभूमि मिल्यो। शान्ति सुरक्षाको नाममा संविधानसभाको निर्वाचन विथोल्ने स्वार्थहरूको मनोबल उच्च राख्न मधेसको राजनीति सहायक बन्यो। लामो हिंसापछि त्राणको सास फेर्न प्रयत्नरत् मधेसीलाई त्रासको बीच बाँच्न बाध्य पार्ने काममा मधेसी नेतृत्वले जानी नजानी योगदान पुऱ्याइरहे। यति मात्र होइन मधेसमा सशस्त्र प्रहरी र/वा सेना परिचालन गर्ने थप आधार निर्माण गरिरहन पनि यी सहायक भइरहे। मधेसी नेतृत्व चौतर्फी रूपमा कमजोर र असफल सावित भइरहेका प्रमाण हुन् यी। त्यसैले पनि माघे विद्रोहले सिर्जित गरेको विशाल शक्ति सङ्गठित र संस्थागत हुन सकेन।

समाज रूपान्तरण र लोकतान्त्रिक हकअधिकारको पक्षमा सङ्घर्षरत् रहेको दाबी गर्ने नेतृत्वले विद्रोहको सफलतालाई संरक्षण र संवर्द्धन गर्नु अनिवार्य सर्त हो। असल नेतृत्वले संरक्षण र संवर्द्धन मात्र गर्दैन त्यसलाई चौतर्फी हिसाबले परिस्कृत गर्दै आफूमाथिको दोहोरो-तेहोरो अभिभारालाई लोकतान्त्रिक मूल्यमान्यता सहित सार्थक तुल्याउन प्रयत्नशील रहन्छ। यहाँ त नागरिक हुन सङ्घर्षरत् मधेसीहरूको विशाल बलिदानपश्चात् समेत दोहोरो-तेहोरो रूपमा गैरजिम्मेवार कार्यतर्फ मधेसी नेतृत्व क्रियाशील देखिए। सङ्कीर्ण स्वार्थ र स-साना विमतिले मधेसी मुक्तिको नाममा निरन्तरता पाइरह्यो।

सरकारको अल्पदृष्टिले मधेसको स्थितिलाई हिंस्रक बनाउन, जनजीवनमा अन्योलता बढाउनका साथै राजनीतिक एवं प्रशासनिक शून्यता कायम राख्न ठूलो मद्दत पुऱ्याइरह्यो। सरकारमा बसेर पनि मधेस विरुद्ध काम भइरहदा आफूले त्यसलाई 'हेरेर मात्र बस्न नसकेकोले' नयाँ पार्टी बनाउने बाध्यकारी

स्थिति उत्पन्न भएको महन्थ ठाकुरको कथन मनन्योग्य छ ।[२४] माघे विद्रोहको समयमा वार्ता टोलीमा बसेर समेत मधेसको सवाललाई सही गति दिने स्थिति उत्पन्न नहुनु साथै त्यसपछि पनि सरकारले राजनीतिक समाधानको लागि तात्विक केही नगरेकै कारण मन्त्री मण्डल र सांसद पद मात्र हैन पार्टी सदस्यता समेत त्याग गर्नु परेको महन्थ ठाकुरको आरोप चानचुने होइन । यसले महन्थ ठाकुर जस्ता जहिले पनि मिलेर जान प्रतिबद्ध रहेको राजनीतिकर्मीलाई समेत धेरै निराश बनाएको छ । यस्तो अवस्थामा तत्कालै आमूल परिवर्तन चाहने एवं उग्र रूपमा प्रस्तुत हुनेहरूले के सोच्दा हुन् सहजै अनुमान गर्न सकिन्छ । यो एउटा दृष्टान्तले मात्र पनि राज्यको साम्प्रदायिक चरित्रलाई प्रमाणित गरेको छ । सबै पक्षलाई समेट्न नचाहने साथै एकै ठाउँमा ल्याएर वार्ता गर्न नचाहने सरकारी मानसिकता संविधानसभा निर्वाचनपूर्व सबैभन्दा घातक हुने सम्भावना बढी छ । विविधतालाई आत्मसात गर्दै सबैलाई एकताको आधारमा समेट्न नसक्ने सरकार एवं ठूला दलहरूको यही मानसिकताले नै राज्यसँग मधेसीहरूको दूरीलाई तीव्र रूपमा घनीभूत बनाउँदै लगेको छ, साथै आम मधेसीलाई थप निराश ।

यस पुस्तकमा समावेश लेखहरूमा माघे विद्रोहको समयावधि र त्योभन्दा पूर्वका जटिलता समाविष्ट छन् । त्यसैले माघे विद्रोहपछिको एक वर्षमा मधेसी राजनीतिले धेरै कोल्टे फेरिसकेको व्याख्या माथि गरिएको हो । माघे विद्रोहको बहुआयामिक चरित्र एवं आम मधेसीको आकाङ्क्षालाई महसुस गर्दासमेत विगत एक वर्षमा देखिएका कुरूप एव सङ्कीर्ण राजनीतिमा सहजै विश्वास गर्न गाह्रो छ । तर यही नै हाम्रो अघि रहेको वास्तविकता हो ।

## सन्दर्भ सामग्री

अर्याल, नविन र माधव अधिकारी । २०६३ । अन्योलमा विराटनगर । *समय,* १० फागुन, पृ. १६-१७ ।

गुप्ता, जयप्रकाश । २०६१ । *मधेस: समाजिक संरचना र विभेद (जनगणना २००१)* । काठमाडौँ: मधेसी मानवअधिकार संरक्षण केन्द्र ।

गुप्ता, जयप्रकाश । २०६३ । हामी मधेसका मान्छेसँग गद्दारी गर्दैनौँ (विश्वमणि सुवेदीले लिएको अन्तर्वार्ता) । *जनआस्था,* १७ माघ, पृ ५ ।

---

[२४] २०६४ माघ ७ मा बीबीसी नेपाली सेवाको साझा सवाल कार्यक्रममा महन्थ ठाकुरले यस्तो अभिव्यक्ति दिएका थिए (संक्षिप्त अंशको लागि Thakur 2008 हेर्नोस्) । मातृका यादवको कथन पनि महन्थ ठाकुरको भन्दा पृथक् छैन । *कान्तिपुर टेलिभिजन*मा आउने बहस कार्यक्रममा २०६४ माघमा उनले मधेसमा स्थिति निकै जटिल र सघन भए पनि वार्ताको सम्बन्धमा वा मधेसलाई कसरी समायोजन गर्दै लाने विषयमा मन्त्री मण्डलमा कुनै पनि सरसल्लाह नभएको तथ्य सार्वजनिक गरेका थिए ।

गुप्ता, जयप्रकाश, उपेन्द्र यादव, डा. हरिवंश झा र अमरेश नारायण झा । २०६० । *नेपाली मधेसीका समस्या : चार विचार* । काठमाडौँ: मधेसी मानवअधिकार संरक्षण केन्द्र ।

गौतम, भास्कर । २०६१ । सहभागिता एवं प्रतिनिधिमूलक राजनीति र मधेस । सोसल साइन्स बहाः ले गरेको 'नेपाल तराई : कन्टेक्स्ट एण्ड पोसिबिलिटिज' विषयक सम्मेलनमा प्रस्तुत कार्यपत्र । २७-२८ फागुन, काठमाडौँ ।

गौतम, भास्कर । २०६३क । नेपालगञ्ज काण्डको विविध पाटो । *कान्तिपुर,* १९ पुस, पृ. ७ ।

गौतम, भास्कर । २०६३ख । जनविद्रोह, लोकतन्त्र र मधेस । *कान्तिपुर,* २६ माघ, पृ. ७ ।

गौतम, भास्कर । २०६४क । मधेसी नेतृत्वले गुमाउँदैछ अवसर । *नेपाल,* २४ असार, पृ. २८-२९ ।

गौतम, भास्कर । २०६४ख । खोजी सामूहिक नेतृत्वको । *नेपाल,* २७ माघ, पृ. ३२-३३ ।

चन्द्रकिशोर । २०६३ । अधिकारको नाममा अपराध । *हिमाल खबरपत्रिका,* १६-३० चैत, पृ. ४०-४१ ।

चन्द्रकिशोर । २०६४ । नेपाली मिडियामा मधेसी पत्रकार । *समावेशी मिडिया* मा । प्रत्यूष वन्त, हर्षमान महर्जन, देवराज हुमागाईं र शेखर पराजुली, सं., पृ. २२३-२४२ । काठमाडौँ : मार्टिन चौतारी ।

झा, केशवकुमार । २०६३ । फोरम दरबारियाद्वारा सञ्चालित छ (अन्तर्वार्ता) । *साँघु,* १९ चैत, पृ. ५ ।

झा, प्रशान्त । २०६४ । दूरी बढ्दैछ । *हिमाल खबरपत्रिका,* १-१५ माघ, पृ. १२-१४ ।

झा शम्भु । २०६३ । मधेसको नाउँमा आन्दोलन : मधेशीकै हितविरुद्ध । *गोरखापत्र,* १६ माघ, पृ. ६) ।

ठाकुर, रघुनाथ । २०१५ । *परतंत्र मधेश और उसकी संस्कृति* । भलाभलेनी : रघुनाथ ठाकुर ।

ढकाल, सुरेश । २०६४ । तराईको राजनीतिक भविष्य । *मूल्याङ्कन,* साउन, पृ. २२-२४ ।

तिवारी, अजित । २०६४ । छैनन् कार्यालय प्रमुख । *हिमाल खबरपत्रिका,* १६-३१ वैशाख, पृ. ३६-४० ।

तिवारी, विकास कुमार । २०६४ । *गजेन्द्र दर्शन भाग २* । काठमाडौँ : गजेन्द्र नारायण सिंह चिन्तन समाज ।

थापा, गगन । २०६३ । तराईको तनावलाई अवसरमा बदल्नुपर्छ । *कान्तिपुर,* १४ माघ, पृ. ७ ।

थापा, बसन्त र मोहन मैनाली । सन् २००६ । *मधेस समस्या र सम्भावना* । ललितपुर : सोसल साइन्स बहाः ।

नयाँ पत्रिका । २०६४ । वार्तामा आउन गोइतलाई पत्र । *नयाँ पत्रिका,* १२ साउन, पृ. १/१५ ।

नेपाल पत्रकार महासङ्घ । २०६४ । *मधेस आन्दोलनमा प्रेस* । काठमाडौँ : नेपाल पत्रकार महासङ्घ ।

पाठक, तिलक । २०६४ । पटना बैठकको अन्तरकथा । *नेपाल,* २४ असार, पृ. २२-२३ ।

पाण्डे, जे । २०६३ । नेपालगञ्जमा आज सद्भाव ऱ्याली. । *कान्तिपुर,* १२ पुस, पृ. १/३ ।

पाण्डे, जे र जनक नेपाल । २०६३क । सद्भाव ऱ्यालीमा हजारौँ । *कान्तिपुर,* १३ पुस, पृ. ९ ।

पाण्डे, जे र जनक नेपाल । २०६३ख । नेपालगञ्जको स्थिति सुधार । *कान्तिपुर,* १४ पुस, पृ. ९ ।

प्रचण्ड । २०६४ । मधेशको समस्या भनेको नेपालको एउटा रणनैतिक समस्या हो (अन्तर्वार्ता लिनेको नाम उल्लेख नभएको) । *लाल मधेश,* जेठ, पृ. ४-७ ।

प्रेमर्षि, धीरेन्द्र । २०६१ । रेडियोमा मधेस र मधेसी । *रेडियो नेपालको सामाजिक इतिहास* मा । प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाईं, कृष्ण अधिकारी र कोमल भट्ट, सं., पृ. ३४९-३६६ । काठमाडौँ : मार्टिन चौतारी ।

प्रेमर्षि, धीरेन्द्र । सन् २००६ । मधेसको टुटुल्को मात्र देख्ने नेपाली मिडिया । *मधेस समस्या र सम्भावना* मा । वसन्त थापा र मोहन मैनाली, सं., पृ. १२७-१५६ । ललितपुर : सोसल साइन्स बहाः ।

बस्नेत, पूर्ण । सन् २००७ । मिडिया मिसन : सङ्क्रमणकालीन चुनौती । *प्रेस स्वतन्त्रता : लोकतन्त्रको एक वर्ष* मा । बलराम बानियाँ, सं., पृ. ८९-१०२ । काठमाडौँ : नेपाल पत्रकार महासङ्घ ।

बानियाँ, बलराम । २०६४ । *प्रेस स्वतन्त्रता : लोकतन्त्रको एक वर्ष* । काठमाडौँ : नेपाल पत्रकार महासङ्घ ।

भट्टराई, बाबुराम । २०६४ । *मधेस मुक्तिको प्रश्न* । काठमाडौँ : जनध्वनि प्रकाशन ।

भाट, भोजराज । २०६४ । माओवादीभित्र सल्केको आगो । *नेपाल,* २० साउन, पृ. ४०-४१ ।

मधेसी एकता कार्यदल । २०६० । नेपालका मधेसी समुदायको राष्ट्रिय अवधारणा–पत्र । ठाउँ उल्लेख नभएको ।

मजफो (मधेसी जनअधिकार फोरम, नेपाल) । २०५५ । *नेपालको मधेसी समुदायको समस्या र समाधानको बाटो* । विराटनगरः मिथिला टाइम्स प्रकाशन ।

मजफो । २०६१ । *नेपाली मधेसीका समस्याः संविधान सभाको औचित्य* । काठमाडौँः मधेसी जनअधिकार फोरम नेपाल (मजफो) ।

महतो, राजेन्द्र । २०६४ । *जागो मधेशी जागो* । काठमाडौँ : गजेन्द्र नारायण सिंह स्मृति प्रतिष्ठान ।

माअसअसस । २०६३ । धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा मधेसी आन्दोलनका क्रममा भएका ज्यादतिसम्बन्धी विस्तृत अध्ययन प्रतिवेदन, ०६३ । काठमाडौँः मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (माअसअसस) ।

मिश्र, विजयप्रसाद । २०६३ । जनतान्त्रिक वार्ताका लागि तयार । *समय,* १० फागुन, पृ. २४-२५ ।

मिश्र, विजयप्रसाद । २०६४ । राज्य छैन मधेसमा । *हिमाल खबरपत्रिका,* १६-३१ जेठ, पृ. ३०-३१ ।

मिश्र, विजयप्रसाद र श्यामसुन्दर यादव । २०६४ । साम्प्रदायिकतातिर ? *समय,* १० साउन, पृ. ३३ ।

मैनाली, केशव कुमार । २०६४क । अब तराईमा मधेसीहरू र हामी सँगसँगै बस्न सक्ने सम्भावना छैन (भुवन शर्माले लिएको अन्तर्वार्ता) । *जनभावना साप्ताहिक,* २१ जेठ, पृ. ३ ।

मैनाली, केशव कुमार । २०६४ख । देश टुक्रिन थाले हतियार उठाउँछौ । *नेपाल,* २० साउन, पृ. २० ।

यज्ञश । २०६४क । यस्तो छ राष्ट्र सङ्घलाई गोइतको पत्र । *नयाँ पत्रिका,* १७ साउन, पृ. १/१५ ।

यज्ञश । २०६४ख । गोइत र ज्वाला सिंहसँग वार्ता नहुने संकेत । *नयाँ पत्रिका,* २८ साउन, पृ. १/१५ ।

यादव, उपेन्द्र । २०५४ । *नेपालको मधेशी समुदायः एक विवेचना* । विराटनगरः आदिवासी जनजाति विकास तथा अनुसन्धान केन्द्र ।

यादव, उपेन्द्र । सन् २००३ । *नेपाली जन आन्दोलन और मधेसी मुक्तिका सवाल* । नेपालः मधेसी पीपुल्स राइट फोरम ।

यादव, उपेन्द्र । २०६४ । जनतान्त्रिकबाट मधेस आन्दोलनको बदनामी । *नेपाल,* ६ साउन, पृ. १४-१५ ।

यादव, रामरिझन । २०६४क । मधेसी फोरमको असुरक्षित अवतरण : प्रतिक्रियावादीहरूले फाइदा उठाउनसक्ने सम्भावना छ । *गोरखापत्र,* २१ भदौ, पृ. ६ ।

यादव, रामरिझन । २०६४ख । मधेस विद्रोहको अवमूल्यन । *मूल्याङ्कन,* भदौ-असोज, पृ २९-३१ ।

राई, ओमआस्था । २०६३ । कर्ताको पकडबाहिर । *समय,* २५ फागुन, पृ. ३०-३१ ।

लाल, वृषेशचन्द्र । २०६३ । मधेसी आक्रोशका सूत्रधारहरू । *नेपाल,* २१ माघ, पृ. २८-२९ ।

लाल, सीके । २०६३क । नेपाली जाति र 'नेपालीय' नागरिकता । *हिमाल खबरपत्रिका,* १-१५ भदौ, पृ. ३८-३९ ।

लाल, सीके । २०६३ख । नैराश्यको भुङ्ग्रोमा मधेस । *हिमाल खबरपत्रिका,* १६-२९ माघ, पृ. ४०-४१ ।

लाल, सीके । २०६४क । विदेशीहरूको बढ्दो अभिरुचि । *हिमाल खबरपत्रिका,* १६-३१ भदौ, पृ. १६-१७ ।

लाल, सीके । २०६४ख । मधेस द्वन्द्वको भूराजनीतिक आयाम । *हिमाल खबरपत्रिका,* १६-२९ माघ, पृ. ३८-३९ ।

साह, तुलानारायण । २०६४क । मधेसमा विदेशी चलखेल । *नेपाल,* २ मङ्सिर, पृ. ३४-३५ ।

साह, तुलानारायण । २०६४ख । मधेस दोहोरीको सन्देश । *नेपाल,* २३ मङ्सिर, पृ. ३२ ।

साह, प्रभु । २०६३ । *जनयुद्ध र मधेसी मुक्तिको कार्यदिशा* । स्थान नखुलेको: मधेसी राष्ट्रिय मुक्ति मोर्चा ।

सिंह, ज्वाला । २०६४ । अब न वार्ता हुन्छ न चुनाव (मिथिलेश यादवले लिएको अन्तर्वार्ता) । *नयाँ पत्रिका,* ९ भदौ, पृ. १/१५ ।

सिंह, रामराजा प्रसाद । २०६४ । यो नयाँ युगको प्रसव वेदना हो । *समय,* १७ साउन, पृ. ३२-३३ ।

Chaudhary, Bhulai. 2006. The social structure of madheshi community resembles move to the Indian States like UP and Bihar than any Nepalese society. http://www.telegraphnepal.com/news_def.php?news_id=189

Chaudhary, Bhulai. 2007. Nepal: tharu identity being ignored deliberately. http://www.telegraphnepal.com/news_def.php?news_id=2416

Chomsky, Noam. 2002 [1991]. *Media Control: The Spectacular Achievements of Propoganda.* New Delhi: Nataraj Publishers.

Gaige, Frederick H. 1975. *Regionalism and National Unity in Nepal.* Berkeley and Los Angeles: University of California Press.

GSEA Team. 2005. Citizens with (out) rights: Nepal gender and social exclusion assessments. Final draft submitted to Department for International Development, Lalitpur and the World Bank, Kathmandu.

Gunaratne, Arjun. 2002. *Many Tongues, One People: The Making of Tharu Identity in Nepal.* Ithaca: Cornell University Press.

Gurung, Harka. 1998. *Nepal: Social Demorgraphy and Expressions.* Kathmanud: New Era.

Gurung, Harka. 2004. *Social Demorgraphy of Nepal Census 2001.* Lalitpur: Himal Books.

Gurung, Harka. 2006. *From Exclusion to Inclusion: Socio-Political Agenda for Nepal.* Lalitpur: Social Inclusion Research Fund.

Hatlebakk, Magnus. 2007. Economic and social structures that may explain the recent conflicts in the terai of Nepal. Unpublished report submitted to CMI, Bergen, Norway. June 3.

The Himalayan Times. 2006a. One killed, 20 hurt in Nepalgunj. 27 December, p. 1.

The Himalayan Times. 2006b. Panel to probe Nepalgunj incidents. 28 December, p. 1.

ICG. 2007. *Nepal Troubled Tarai Region.* Asia Report No. 136. Brusels: International Crisis Group (ICG).

JAGRIT Nepal. 2007. Madhesh: gender and social exclusion assessment. (Draft report) submitted to the World Bank, country office, Kathmandu.

Kumar, Vivaswan. 2007. Madhesh or terai and tharus or madheshis: new frontier of etymopolitics in Nepal. http://indiamadhesi.wordpress.com/category/madhesh-or-terai-and-tharus-or-madheshis-new-frontier-of-etymopolitics-in-nepal

Koirala, Kosh Raj. 2008. MPRF unhappy over accord implementation. *The Kathmandu Post,* 31 January, p. 1/2.

Lal, CK. 2003. We Nepalis: how to make Nepalipan more inclusive. *Nepali Times,* 14 March, p. 2.

Lal, C K. 2007. The revolt of the aristocrats: why even privileged Yadavs are so very angry. *Nepali Times*, August 3-9, p. 2.

OHCHR-Nepal. 2007. *Findings of OHCHR-Nepal's Investigations into the 21 March Killings in Gaur and Surrounding Villages*. Kathmandu: Office of the High Commissioner for Human Rights, Nepal (OHCHR-Nepal).

Onta, Pratyoush. 2002. Critiquing the media boom. In *State of Nepal*. Kanak Mani Dixit and Shastri Ramachandaran, eds., pp. 253-269. Lalitpur: Himal Books.

Onta, Pratyoush. 2006. The growth of the adhivasi/janajati movement in Nepal after 1990: the non-political institutional agents. *Studies in Nepali History and Society* 11(2): 303-354.

Ranjitkar, Siddhi B. 2007. Gaur massacre. http://www.crop.co.nz/stories/HL0703/500463.htm

Regmi, Mahesh C. 1978. *Land Tenure and Taxtation in Nepal*. Kathmandu: Ratna Pustak Bhandar.

Regmi, Mahesh C. 1999a [1978]. *Thatched Huts and Stucco Places*. New Delhi: Adroit Publisher.

Regmi, Mahesh C. 1999b. *Landownership in Nepal.* New Delhi: Adroit Publisher.

Sen, Amartya. 2005. *Identity and Violence: The Illusion of Destiny.* New Delhi: Penguin Books.

Shah, Shree Govinda. 2006. Social inclusion of madheshi community in nation building. Paper presented at a conference on "Social inclusion and national building in Nepal", February, Kathmandu.

Skar, Harald O, ed. 1999. *Nepal: Tharu and Tarai Neighbours.* Kathmandu: Bibliotheca Himalayica.

Thakur, Mahantha. 2008. I couldn't just be a spectator anymore [interview in Sajha Sawal, BBC Nepali Service, 13 Janurary]. *Nepali Times,* 18-24, p. 6.

Thakur, Sankarshan. 2007. Nepal's other insurgency. http://demrepub nepal.blogspot.com/2007/07/tehelka-madhesi.html

Yadav, Ram Prakash. 2006. Madheshi: a disadvantage social group. Paper presented at a conference organized by JAGHRIT Nepal, December, Kathmandu.